# खोजतलास

www.khojtalashonline.com

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक २७ ◆ ११ जेठ २०८०, बिहीबार (25 May, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३

मूल्य रू २०/-


## विचौलियाबाट ७६ करोड ठगी

काठमाडौं । वैदेशिक रोजगारीबाट आउने रकम देशको अर्थतन्त्रको मुख्य हिस्सा बनिरहेको छ ।

तर, विदेश जानेहरु ठगीको मारमा पर्ने गरेका छन् । एकातर्फ बेरोजगारीको समस्याले विदेशिनुपर्ने वाध्यता अर्कोतर्फ पाइलैपिच्छे ठगहरुको बिगबिगी । त्यसो त सरकारले श्रमिक पठाउने निश्चित अनुमतिका लागि नियम नै बनाएको छ तर विचौलियाहरु हावी हुँदा ठगीका घटना धेरै घट्दै आएका छन् ।

वास्तवमा वैदेशिक रोजगारीमा श्रमिक पठाउनकै लागि विभागसँग अनुमति लिएका म्यानपावर कम्पनी बाहेक अन्य कोही पनि एजेन्टले रोजगारीका लागि श्रमिक पठाउन नपाउने सरकारी नियम छ ।

तर सरकारको नियमविपरीत एजेन्ट र बिचौलियाबाट हुने ठगीका उजुरी भने बर्सेनि बढ्न थालेका छन् । वैदेशिक रोजगारीमा श्रमिक पठाउन अनुमति नै नपाएका गैरकानुनी एजेन्ट र बिचौलियाहरुले रोजगारीको प्रलोभन देखाएर चालु आर्थिक वर्षको १० महिनामा झण्डै ७६ करोड ठगी गरेको तथ्यांक छ । वैदेशिक रोजगार विभागमा चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्म दर्ता भएका ९ सय २५ उजुरीमा ७५ करोड ७७ लाख ४१ हजार २१४ रकम ठगी गरेको अभियोग दर्ता छ ।

अघिल्लो वर्षको तुलना चालु आवमा ठगी भएका उजुरीहरू बढेको छ । हरेक

बाँकी सातौं पृष्ठमा

# देशमा धर्मयुद्धको खतरा



काठमाडौं । धर्मनीरपेक्ष संविधानमा राख्न लगाएर अमेरिकालगायत पश्चिमा देशले ठूलै उभद्रो मच्चाइरहेको छरपष्ट भएको छ । विभिन्न सामाजिक संस्थाका नाममा धर्म परिवर्तन गराउन अमेरिका र यूरोपेली यूनीयनले पैसाको खोला बगाइरहेको खुल्दै गयो । नेपाली समाजको संरचना नै भत्काउने योजनामा ठूलै रकमको चलखेल भएपछि नाम चलेका नागरिक समाजका अगुवा, बुद्धिजीवीदेखि राजनीतिक दलका नेता समेत धर्मनीरपेक्ष जप्न थाले । जब यो तथ्य उजागर भयो तब उनीहरुको बचाऊ गर्न अमेरिका आफै उत्रियो । नेपालमा धार्मिक स्वतन्त्रतामाथि प्रहार भइरहेको रिपोर्ट सार्वजनिक गऱ्यो । यतिसम्मकी ९० प्रतिशत भन्दा बढी सनातन हिन्दू धर्म मान्ने रहेको देशमा हिन्दूत्वका लागि भारतबाट पैसा आइरहेको आरोप लगायो । जब कि नेपाली हिन्दूहरु भारतको तीर्थयात्रामा गएर वर्षेनी अरबौं खर्च गर्छन् । त्यहाँका धार्मिक गुरु र मन्दिरहरुमा भेटी चढाउँछन् । अमेरिकाको यो आरोपले नेपाली हिन्दू समाज सतर्क भएको छ ।

इशाई धर्मका लागि अहिले ठूलै रकम ओइरिएको छ । उनीहरु धार्मिक विद्यालय खोल्न खोजिरहेका छन् । धर्म परिवर्तनका गतिविधि चलाइरहेका छन् । सरकारी निकायबाट अवरोध भएपछि बाह्य दबाब बढ्न थालेको छ यतिबेला । पुस्तकमै इशाई धर्मको प्रचार गर्न खोजियो । यसको विरोध संसदमै भयो । त्यसप्रति पनि अमेरिकी रिपोर्ट नकारात्मक छ । समाजको सबै एकाईमा योजनावद्ध तरिकाले पश्चिमाहरुले हिन्दू धर्ममाथि प्रहार बढाएपछि सतर्क भएको छ हिन्दू समाज । उनीहरु एकजुट पनि हुन थालेका छन् । यसलाई लिएर धर्मनीरपेक्षताका पक्षधर आत्तिएका छन् । देशमा यस्तै अराजकता रहे धार्मिक युद्ध निम्तनसक्ने खतरा पनि देखिन थालेको छ ।


पश्चिमाहरुले सुडानमा धार्मिक हिंसा फैलाउन भूमिका खेलेको इतिहास साक्षी छ । उनीहरु आफ्नो देशमा इशाई धर्मको रक्षा गर्ने र अन्यत्र फरक धर्ममाथि योजनावद्ध तरिकाले प्रहार गर्ने गर्दै आए । यतिसम्मकी अफगानिस्तानमा हिन्दू निमिट्यान्न पार्न तालिवान लाग्दा केही कदम चालेनन् जब कि त्यतिबेला अफगानिस्तानमा अमेरिकी सेना नै थियो । नेपालमा इशाईको जनसंख्या झण्डै ५ प्रतिशत पुगेको रिपोर्ट अमेरिकाले सार्वजनिक गरेको छ । यसले धेरैलाई झस्काएको छ । धर्मान्तरणबाट यो संख्या बनेको छ । यसरी नै संख्या बढाउने र उनीहरुलाई एकजुट बनाएर यहाँको सनातन धर्ममाथि प्रहार गर्दै हिंसा मच्चाउने योजनाहरु बुनिएका छन् ।

नेपालमा यसै पनि भारतविरोधी राष्ट्रवाद हावी छ । हिन्दू धर्मको विषयमा पनि भारतको सत्तारुढ भारतीय जनता पार्टीले नेपालमा पैसा खन्याएको आरोप लगाएर ध्यान मोड्न खोजिएको छ । भारतलाई देखाएर नेपालमा हिन्दूत्वको मुद्दा कमजोर पार्ने र इशाईको गतिविधि बढाइरहने अमेरिकी योजना देखिएकै छ । यो अवस्था कायमै रहेमा देशमा ठूलै दुर्घटना हुनसक्छ । जनता धर्मनिरपेक्षका पक्षधरप्रति आजित छन् । पूर्वराजा ज्ञानेन्द्र शाहको अभियान बढेको छ । नेताहरु बदनाम भएका छन् । यसले हिन्दुराष्ट्रको मुद्दा मजबुत हुँदै गएको देखिन्छ । यहीं मौकामा पूर्वराजा ज्ञानेन्द्र शाहको सक्रियता पनि बढेको छ । उनी नागरिकसँग जोडिन लागिपरेका छन् । यता संसदमा भ्रष्टाचार काण्डले नेताहरुको हिलो छ्यापाछ्याप छ । यस्तै परिस्थिति रहे कुनैपनि बेला राजनीतिक उथलपुथल नै हुने सम्भावना बढेर गएको छ ।

अहिले मुख्य राजनीतिक दलहरुभित्रै हिन्दूराष्ट्रको मुद्दा बलियो बन्दै गएको छ । यो मुद्दा नबोके आफ्नै अस्तित्व खतरामा पर्ने देखे नेताहरुले । हिन्दूराष्ट्र हटाएर धर्मनिरपेक्ष संविधानमा लेख्न मुख्य भूमिका खेलेको नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रमा समेत यो मुद्दाले प्रवेश पाएको छ । यो घटना अर्थपूर्ण छ । एमालेमा हिन्दूराष्ट्रको पक्षमा केही नेताहरु खुल्न थालेका छन् । महेश बस्नेतले यो मुद्दा

बाँकी सातौं पृष्ठमा

## नक्कली भुटानी शरणार्थी प्रकरणमा आईजीपीको भूमिका शंकास्पद






काठमाडौं । नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउँछु भन्दै करोडौं असूली गरिएको प्रकरणमा प्रहरी महानिरीक्षक (आईजीपी) वसन्तबहादुर कुँवरको भूमिका पनि शंकास्पद देखिएको छ ।

आईजीपी कुँवरको गिरोहका सदस्य केशव दुलाल र सानु भण्डारीसँग सम्पर्क र भेटघाट भएको अनुसन्धानका क्रममा भेटिएका विवरणबाट देखिन गएको हो ।

प्रहरीले अनुसन्धानका क्रममा दुलालको मोबाइलबाट तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसँग भएको भाइबर च्याटको विवरण फेला पारेको छ । जसमा पाण्डेले कुँवरसँग गिरोहलाई जोडिदिएको खुलेको छ । भेटका लागि तत्कालीन गृहसचिव टेकनारायण पाण्डेले सहजीकरण समेत गरिदिएको स्रोतबाट प्राप्त म्यासेजको विवरणमा देखिन्छ । त्यस अनुसार शरणार्थी प्रकरणका अभियुक्त केशव दुलालले १० असार २०७९ मा पाण्डेलाई म्यासेज पठाएका छन्, 'सर नमस्ते, डीआईजी वसन्त कुँवरसँग कुरा भयो हजुर ?' त्यसपछि पाण्डेले '१२ बजेपछि जानु न' भन्ने जवाफ फर्काएका छन् ।

'ओके हजुर' भनेर सन्देश पठाएको केही समयपछि सचिव पाण्डेले फेरि अर्को म्यासेज पठाएका छन्, 'पठाउनु, कुरा भएको छ ।' यही म्यासेजमा 'वसन्त सरलाई पनि फाइनान्सियल सपोर्ट हुन्छ भन्दा हुन्छ हजुर' भनेका छन् । जवाफमा गृहसचिव पाण्डेले 'हुन्छ' भनेका छन् ।

यसको ३ दिनपछि केही खबर नआएको भन्दै दुलालले कुँवरको नम्बर मागेका छन् । त्यसक्रममा अर्को आरोपी सानु भण्डारीलाई

बाँकी सातौं पृष्ठमा

## देउवाले किन गरे केन्द्रीय कार्यसमिति बैठक स्थगित



नेपाली कांग्रेसका नेता बालकृष्ण खाँणसहित नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएकाहरुविरुद्ध प्रहरीले मुद्दा चलाउन जिल्ला सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको छ ।

शरणार्थी प्रकरणमा करोडौं ठगी गरेको आरोपमा समातिएका खाँणसहित १६ जना र अन्य फरारविरुद्ध प्रहरीले पाँचवटा कसुरमा मुद्दा चलाउने गरी सोमबार अनुसन्धान प्रतिवेदन अघि बढाएको हो ।

अनुसन्धान प्रतिवेदनमा पक्राउ परेका १६ जना र फरार अन्य १६ जनाविरुद्ध ठगी, सम्पत्ति शुद्धीकरण, संगठित अपराध, राष्ट्रिय हितविपरीतको कसुरमा मुद्दा चलाउनु पर्ने उल्लेख छ ।

पूर्वगृहमन्त्री खाँणसहित सार्वजनिक पद धारण गरेका व्यक्तिहरुलाई भ्रष्टाचार मुद्दा पनि चलाउने गरी प्रतिवेदन सरकारी वकिलसमक्ष पेस गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

उक्त मुद्दा चलाउनु पर्नेमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल' का पूर्व सुरक्षा सल्लाहकार इन्द्रजित राईलगायत रहेका छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पार्टीका प्रभावशाली नेता खाँण पक्राउ परेर प्रहरीले मुद्दा चलाउनु पर्ने निष्कर्षसहित अनुसन्धान प्रतिवेदन बुझाइसक्दा पनि कांग्रेस सभापति शेरबहादुर देउवाले यसबारे पार्टीमा छलफल गर्न आवश्यक ठानेनन् ।

खाँणलाई निलम्बन गर्नु पर्ने दबाब आउन थालेपछि तयारी गरिएको केन्द्रीय कार्यसमिति बैठकसमेत देउवाले स्थगित गरे । केन्द्रीय कार्यसमिति बैठकमा खाँणलाई केन्द्रीय सदस्यबाट निलम्बन गर्नुपर्ने आवाज थप बुलन्द हुने देखिएपछि उनले बैठक स्थगित गरेका हुन् ।

खाँण पक्राउ पर्नुअघि वैशाख २२ गते सभापति देउवानिवास धुम्बाराहीमा बसेको पदाधिकारी बैठकमा वैशाख मसान्तभित्र केन्द्रीय कार्यसमिति बैठक बोलाउनेबारे छलफल भएको थियो ।

बाँकी सातौं पृष्ठमा

## आईजीपीलाई गृहमन्त्रीले भटेर के भने ?

काठमाडौं । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरसँग छलफल गरेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा कुँवरको नामसमेत विवादमा आइरहँदा गृहमन्त्रीले उनलाई भेटेका हुन् ।

स्रोतका अनुसार गृहमन्त्री श्रेष्ठले 'प्रहरी मुछिएको' विषयमा गहिरो चासो राखेका थिए । अनुसन्धान प्रतिवेदनभित्रका सक्कल कागजातहरु अभियोगपत्र दायर

बाँकी सातौं पृष्ठमा

## कीर्तेमा मुद्दा हाल्न किन हच्कियो प्रहरी ?

काठमाडौं । नक्कली भुटानी शरणार्थी ठगी प्रकरणमा अनुसन्धान सुरु भएयता चर्चामा रहेका दुई अभियोग थिए ठगी र सरकारी कीर्ते । तीन जनालाई पक्राउ गरी ठगीमा अनुसन्धान सुरु भएको तीन सातापछि संगठित अपराध पनि थपिएको थियो ।

अदालतले संगठित अपराधमा पनि म्याद दिएपछि प्रहरीलाई ६० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्ने बाटो खुल्यो । अनुसन्धानलाई अन्तिम चरणमा पुऱ्याइरहेका बेला पनि चारवटा अभियोग लगाउन सिफारिस गर्नेमा अनुसन्धान अधिकृतहरु एकमत थिए । राज्यविरुद्धको अपराध थपिएको अर्को मुद्धा थियो । तर काठमाडौं प्रहरी परिसरले रायसहित अनुसन्धान प्रतिवेदन सोमबार काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयलाई बुझाउँदा सरकारी कीर्तेलाई छुटाएको ।

कानून र फौजदारी अपराधका जानकारहरु प्रहरीले सरकारी कीर्तेलाई रायमा नराख्नु आश्चर्य मान्छन् । यो प्रकरणमा सबैभन्दा बलियो प्रमाण नै सरकारी कीर्ते देखिएको उनिहरुको भनाई छ ।

'एउटा कार्यदलले बनाएको प्रतिवेदनमा फेरबदल गरेर नेपालीको नाम समावेश गरिएको भन्ने छ । भुटानी शरणार्थीको सूचीमा नेपालीहरुको नाम समावेश हुनु र त्यही डकुमेन्ट अहिले गृह मन्त्रालयमा भेटिनु भनेको बलियो प्रमाण हो॥ प्रहरीले यसमा राय नदिएको हो भने त्यो आश्चर्य चकित पार्ने विषय हो', कानुन्विद् भीमार्जुन आचार्य भन्छन् ।

बाँकी सातौं पृष्ठमा

## नाम बुढीगण्डकीको, काम अरबौं कमिशनको

काठमाडौं । अन्तराष्ट्रिय बजार बमोजिम ईण्डियन आयल निगमसँग नेपाल आयल निगमले अहिले प्रतिलिटर पेट्रोल ८२ रुपैयाँ ५२ पैसा, डिजेल ८२ रुपैयाँ ६८ पैशाका दरले किनेर ल्याउँछ । यसरी किनेर ल्याएको तेलमा सरकारले कर माथि कर थुपारी रहेको छ । सरकारी भन्सार तथा प्रज्ञापन शुल्क कर भन्दै पेट्रोलमा २५ रुपैयाँ २३ पैसा डिजेलमा १२ रुपैयाँ ३ पैसा लिने गरेको छ । त्यसपछि सडक पुर्वाधारका नाममा पेट्रोलमा ४ रुपैयाँ र डिजेलमा २ रुपैयाँ लिन्छ । एउटा पूर्वाधार कर लिइसकेपछि फेरि अर्को पूर्वाधार कर थोपरेको छ । एउटै वस्तुमा दुई दुईवटा पूर्वाधार कर लगाउने देश नेपाल मात्र हो । राज्यले यस्तो कर लिन पाउँछ ? प्रश्न उब्जिएको छ । पूर्वाधार करका नाममा १०/१० रुपैयाँ लिने गरेको छ पेट्रोलियम पद्धार्थ हरेक लिटरमा । थोपा थोपामा कर नै कर छ । तर, लिएको यो करको दुरुपयोग भएको छ । पूर्वाधार बनाउने भनियो तर आकाशको फल आँखा तरी मर भइसक्यो । बुढीगण्डकी बनाउने भनेर सुरु गरिएको करमा माफियाले चलखेल गरे । बुढीगण्डकी परियोजनाबाट डुबानमा पर्ने जमिनमा मुआब्जा वितरण भयो । सुरुको परियोजनाभन्दा दोब्बर ठूलो बनाउने भनेर एउटा गिरोहले जमिन कौडीको मूल्यमा खरिद गऱ्यो अनि मुआब्जामा चलखेल गऱ्यो । अरबौंको चलखेल भयो बुढीगण्डकीका नाममा ।

आयल निगमले बेच्ने तेलमा कर माथि कर थोपरेर सर्वसाधारणले के पाए ? विभिन्न शिर्षकमा कर उठाउँदा एक लिटरमा अहिले सरकारलाई पेट्रोलमा ६२ रुपैयाँ ६१ पैसा र डिजेलमा ४४ रुपैयाँ ९१ पैशा कर तिर्नु परेको छ । यो बाहेक नेपाल आयल निगमलाई एक लिटर पेट्रोल बाट निगमको प्रशासनिक एवं बिक्री खर्च, बीमा खर्च, निगमको प्राविधिक नोक्सानी ऋणको ब्याज बापत नागरिकले प्रतिलिटर पेट्रोलमा २ रुपैयाँ २४

बाँकी सातौं पृष्ठमा


## सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

**हाम्रो विषेशताहरु:**

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

**Our Programs**

- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

**4 Years Bachelors Course**

- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

SHANKARAPUR ACADEMY Estd. 2064

**शंकरापुर एकेडेमी प्रा. लि.**

सातदोबाटो, ललितपुर

फोन नं: ०१-५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"

का.जि.का.द.नं. ५३/०५४/०५५

खोजतलास

# महिनावारीका बेला लाभदायक छ योगाभ्यास

महिनावारीको समय अधिकांश महिलाका लागि पीडादायी हुन्छ । पेट दुख्ने र रगत धेरै बग्ने समस्या त छँदैछ, अनियमित महिनावारी, मुड स्वीङजस्ता पनि महिलाले भोगिरहेका हुन्छन् ।

महिनावारीका बेला हुने पीडाबाट छुटकारा पाउन प्रायः महिलाले दुखाइ कम गर्ने औषधि खाने गर्छन् । नियमित औषधि सेवनले शरीरमा विभिन्न समस्या उत्पन्न गर्न सक्छ । यस्तोमा योगका केही अभ्यास गर्ने हो भने महिनावारीको समयमा हुने समस्याबाट छुटकारा मिल्न सक्छ ।

**१. सुखासन**

शरीरलाई जसरी बस्दा सुविधा हुन्छ, शान्तिमा बाधा आउँदैन, त्यही आसनलाई सुखासन भनिन्छ । बायाँ खुट्टालाई मोडेर पञ्जालाई दायाँ जाँघको मुनि राख्ने, दायाँ खुट्टालाई मोडेर पञ्जालाई बायाँ जाँघको मुनि राख्ने, हातलाई घुँडामाथि राख्ने । यस अवस्थामा लामो सास लिने र छोड्ने गर्नुपर्छ ।

**फाइदा**

तनाव पीडा हटाइ शारीरिक तथा मानसिक सन्तुलन कायम गर्न सहयोग पुग्छ । जो व्यक्ति ध्यानका कठिन आसनमा बस्न सक्दैनन्, उनीहरुका लागि सरल तथा आरामदायक आसन हो ।

**२. बालासन**


यस आसनका लागि पहिले घुँडा टेकेर म्याटमा वज्रासनमा बस्नुहोस् कम्मरलाई सिधा राख्नुहोस् ।

अब गहिरो सास लिएर शरीरको माथिल्लो भागलाई अगाडितिर झुकाउनुहोस् । दुवै हात अगाडि राख्नुहोस् र टाउकोको अगाडि जमिन छुने प्रयास गर्नुहोस् ।

सकेसम्म लामो समयसम्म यस अवस्थामा रहन प्रयास गर्नुहोस् । त्यसपछि सास छोड्दा शरीरको माथिल्लो भाग उठाउनुहोस् र वज्रासन आसनमा फर्कनुहोस् । यो आसन आफैंमा आरामदायी आसन हो ।

**फाइदा**

यसको अभ्यासले पेट तथा कम्मरमा भएका समस्या ठीक



हुन्छन् । शरीरको कठोरता पनि हट्छ । साथै कब्जियत र एसिडिटीको समस्या पनि हट्छ ।

**३. बद्धकोणासन**

महिनावारीको समयमा शरीरको तल्लो आधा भाग भारी महसुस हुन सक्छ । यस्तो अवस्थामा बद्धकोणासन अति उपयोगी मानिन्छ । यस आसनमा कम्तीमा दुई मिनेटसम्म बस्न सकिन्छ ।

**विधि**

पलेंटी मारेर लगाएर सुखासनमा बस्ने, खुट्टाका पञ्जालाई एकापसमा जोड्ने, घुँडा र जाँघलाई पनि जमिनमा जोडेर राख्ने र गहिरो सास लिंदै केहीबेर अभ्यासलाई निरन्तर गरिराखौं ।

**४. मार्जरी आसन**

दुवै घुँडा र दुवै हातले टेकेर जमिनमा बिरालो बसेको जसरी बस्ने, गहिरो सास लिने र गर्दनलाई माथि उठाउँदै कम्मरलाई तलतिर राख्ने गर्नुपर्छ । सास छोड्दै गर्दन तल लैजाने र पिठ्युँलाई माथि राख्ने यो अभ्यासलाई कम्तीमा १० पटक गर्न सकिन्छ ।

अनुलोम विलोम प्राणायाम

अनुलोम विलोम प्राणायामले मन एकाग्र हुने र शरीर सन्तुलित बनाउनमा फाइदा गर्छ । ध्यानात्मक आसनमा बस्ने, बायाँ नाकबाट गहिरो सास तान्दै केहीबेर सास रोकेर आज्ञाचक्रमा प्रकाशको ध्यान गर्ने, जतिबेर सजिलैसँग सास रोक्न सकिन्छ रोक्ने र त्यसपछि दायाँ नाकबाट बिस्तारै सासलाई बाहिर निकाल्नुपर्छ ।

**प्राण मुद्रा**

कान्छी, अनामिका र बुढी औंलाको अगाडिको भागको टुप्पो मिलाउनुपर्छ ।

**फाइदा**

शरीरमा ऊर्जा बढ्ने, रोगप्रतिरोधात्मक क्षमता बढाउने, भिटामिनको पूर्ति, उपवासको समयमा भोकप्यासको कमी एवं थकान भगाउँछ ।

**५. अपान वायुमुद्रा**

चोर औंलालाई बुढी औंलाको फेदमा राखेर हलका थिचेर राख्ने तथा अनामिका, माझी औंला र बुढी औंलाको अगाडिको भाग मिलाउनुपर्छ ।

**फाइदा**

यसले हृदयरोग, बाथरोग भगाउँछ । शरीरमा आरोग्यताको विकास, यो मुद्रा गरेमा सञ्चो हुन्छ। पेटको ग्याँस, टाउको दुखाइ, पेट दुखाइ, कम्मर दुखाइ, नसासम्बन्धी समस्या, दम, एसिडिटीमा पनि फाइदाजनक छ ।

**६. शवासन**

मृत व्यक्तिको लासजस्तो हुन्छ त्यसै प्रकार निर्जीव भएर शरीरलाई हलका छाडिदिनुलाई शवासन भनिन्छ । यो अवस्थामा शरीरमा दुखाइ बढी हुने हुँदा थकान पनि उस्तै महसुस भइराखेको हुन्छ । शवासनको अभ्यासले शरीर शान्त र ऊर्जा बढाउने काम गर्छ ।

यस अवस्थामा बिस्तारै शरीरको प्रत्येक भागमा बढी ध्यान दिनुहोस् र श्वासप्रश्वासको गति सुस्त राख्नुपर्छ। जब शरीर १०-१२ मिनेटमा पूर्ण रूपमा आराम हुन्छ, तपाईं नयाँ ताजापन महसुस गर्न सक्नुहुन्छ ।

**सावधानी**

महिनावारीको समयमा शीर्षासन, कपालभाँतीजस्ता गाह्रो खालका आसन गर्नुहुँदैन । यस समय शरीर अन्य बेलाभन्दा कमजोर हुने हुँदा आधिकारिक योग प्रशिक्षकसँग सल्लाह गरेर मात्र अभ्यास गर्नुपर्छ ।

*(कमल पौडेल आचार्य योग प्रशिक्षक तथा उत्प्रेरक हुन् ।)*

# घामबाट बच्न सनस्क्रिन लगाउने तरिका

गर्मी मौसमको सुरुवातसँगै धेरैलाई आफ्नो छालाको चिन्ता हुन थाल्छ । किनकि चर्को घामको हानिकारक किरणले छालामा सनर्बन, दागधब्बा र चिल्लोपनजस्ता समस्या देखा पर्छ । छालामा हुने यस्ता समस्याबाट बच्न विशेष ध्यान पुऱ्याउनुपर्छ ।



छालालाई घामको सम्पर्कबाट बचाउन सनस्क्रिनको प्रयोग गर्नुपर्ने कुरा त धेरैलाई जानकारी हुन्छ । तर कस्तो सनस्क्रिम लगाउने र कसरी लगाउने भन्ने कुराको भने दुविधा हुन्छ ।

यस्तोमा गर्मीमा सनस्क्रिन किन्दा के के कुरामा ध्यान दिने ? कसरी प्रयोग गर्ने लगायत विषयमा छाला तथा सौन्दर्यरोग विशेषज्ञ डा. अनिलकुमार भट्टसँग गरिएको कुराकानीको सम्पादित अंश :

**किन लगाउने सनस्क्रिन ?**

सूर्यबाट आउने किरणमा यूबीए, यूबीबी, यूबीसी, भिजिबल लाइट लगायत विभिन्न लाइट हुन्छन् । जसमध्ये पराबैजनी किरण जसमा यूबीए र यूबीबीले छालालाई केही नकारात्मक असर गर्छ । यी पराबैजनी किरणबाट बच्न हामीले सनस्क्रिन लगाउनुपर्ने हुन्छ ।

गर्मी मौसममा मात्र होइन बाह्रै महिना सनस्क्रिन लगाउनु उत्तम हुन्छ । किनकि जाडोमा पनि सूर्यबाट आउने किरणमा यूबीए र यूबीबीजस्ता हानिकारक किरण आइरहेको हुन्छ ।

**कति एसपीएफको सनस्क्रिन लगाउने ?**

एसपीएफ ३० र एसपीएफ ५० कतिको सनस्क्रिन लगाउने भन्ने प्रश्न धेरैको हुन सक्छ । एसपीएफ ३० र एसपीएफ ५० मा खासै धेरै फरक हुँदैन । साधारणतया ३० एसपीएफ लगाउँदा पनि हुन्छ । तर जसको अनुहारमा चाया, पोतो, कालो दाग छ, जसलाई दिनभरि घाममा काम गर्नुपर्छ उनीहरूले एसपीएफ ५० लगाउँदा राम्रो हुन्छ । घामको एलर्जी हुनेले एसपीएफ ८० भएको सनस्क्रिन लगाउन सक्छन् ।

**कस्तो सनस्क्रिन लगाउने ?**

सबैभन्दा पहिले आफ्नो छाला कस्तो प्रकारको हो त्यो थाहा पाउनुपर्छ । आफ्नो छालाअनुसारको सनस्क्रिनको प्रयोग गर्नुपर्छ । आफ्नो छाला कुन प्रकारको हो भन्ने कुरा थाहा पाउन छालारोग विशेषज्ञको सल्लाह लिनुपर्छ ।

चिल्लो छाला छ भने पानी तथा जेल बेस सनस्क्रिनको प्रयोग गर्नुपर्छ । सामान्य छाला छ भने जुनसुकै लगाउँदा पनि हुन्छ । सुख्खा छाला छ भने क्रिम बेस सनस्क्रिनको प्रयोग गर्नुपर्छ । त्योबाहेक कसै-कसैको छाला धेरै संवेदनशील छ भने मिनिरल्स सनस्क्रिनको प्रयोग गर्नुपर्छ ।

**कसरी लगाउने ?**

घरबाट निस्कनुभन्दा १०-१५ मिनेटअघि सधैं सनस्क्रिन लगाउनुपर्छ । अतिरिक्त सुरक्षाको लागि प्रत्येक दिनमा दुईदेखि तीन पटक लगाउनु राम्रो हुन्छ । वाटर प्रुफ सनस्क्रिन पानीमा भएको लगभग ४० देखि ८० मिनेटको लागि प्रभावकारी हुन्छ, त्यसैले पानीबाट बाहिर निस्केपछि यसलाई पुनः लगाउनुपर्छ । घरबाट बाहिर निस्कँदा मात्र होइन घरभित्र हुँदा पनि सनस्क्रिन लोसन लगाउनुपर्छ ।

**सनस्क्रिन लगाउँदा के के कुरामा ध्यान दिनुपर्छ ?**

एसपीएफ कति छ र तपाईं कति घामको सम्पर्कमा आउनुहुन्छ भन्ने कुरा ध्यान दिएर मात्र सनस्क्रिन किन्नुपर्छ । सनस्क्रिन किन्दा एसपीएफ मात्र नभइकन पराबैजनी किरण ए पनि भएको हेर्नुपर्छ । यदि (पीए+++) अथवा चारवटा प्लस भएको सनस्क्रिन छ भने त्यो अझ राम्रो हुन्छ ।

सनस्क्रिनको साथै घाममा निस्कनुअघि टोपी, चस्मा र पूरा बाहुला लुगा पनि लगाउनुपर्छ ।

# अनुसन्धान प्रतिवेदनमा बादल दम्पतीदेखि ओलीका स्वकीय सचिवसम्मको नाम उल्लेख

काठमाडौं । पूर्वगृहमन्त्री रामबहादुर थापा बादलसहित ५ जनाविरुद्ध पनि पूरक अभियोजन लैजान बाटो खुला गर्दै प्रहरीले प्रतिवेदन बुझाएको छ । एमालेका उपाध्यक्ष रामबहादुर थापा बादल, उनकी पत्नी नैनकला थापा, पूर्वगृहसचिव एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राई, एमालेका पूर्व प्रदेश सांसद अजयक्रान्ति शाक्य र एमाले अध्यक्ष केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्यको समेत नाम प्रतिवेदनमा उल्लेख गरिएको छ । उनीहरुविरुद्ध थप प्रमाण जुट्नासाथ पूरक अभियोग लैजान बाटो खुल्ला गरिएको हो । शरणार्थी प्रकरणको सुरुवात बादल गृहमन्त्री र प्रेमकुमार राई गृहसचिव हुँदा भएको थियो ।

बादल र राईले नै शरणार्थीको दीर्घकालीन व्यवस्थापन गर्न भन्दै कार्यदल गठन गरेका थिए । बादल गृहमन्त्री हुँदै शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै गिरोहले नेपालीबाट लाखौँका दरले रकम उठाउन थालेका थिए ।

गृहसचिव प्रेमकुमार राई चाँडै गृहबाट अवकाश भए पनि उनलाई समेत रकम दिएको पक्राउ परेकाहरुले बयान दिएका थिए । गृहमन्त्री बादलका छोरा प्रतीक फरार छन् । उनलाई भने प्रहरीले प्रतिवादी बनाउन राय दिएको छ । उनको संलग्नता रहेको प्रमाणसहित बुझाइएको प्रहरीको दाबी छ ।

प्रहरी उच्च स्रोतका अनुसार नैनकलाले समेत रकम बुझेको बिचौलियाले बयानमा बताएका छन् । त्यसको पुष्टि प्रतिकको म्यासेजबाट समेत भएको छ । आमाले रकम बुझिसकेको भनेर प्रतिकले बिचौलियालाई म्यासेज गरेको प्रहरीलाई बताएका छन् । प्रतीकलाई फरारकै सूचीमा राखेर प्रहरीले प्रतिवेदन बुझाएको छ ।

यस्तै बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई पनि पक्राउ परेका छन् । उनले सबैभन्दा बढी रकम लिएको प्रमाण फेला परेको छ । उनलाई प्रहरीले वैशाख २० गते पक्राउ गरेको थियो । इन्द्रजितका छोरा निरज पनि यो प्रकरणमा संलग्न देखिएको प्रहरीको दाबी छ । प्रहरीले उनलाई पनि फरारको सूचीमा राखेर मुद्दा बुझाएको छ ।

अनुसन्धानका क्रममा यो ठगी प्रकरण बादलकै पालामा भएको खुले पनि बादलको प्रत्यक्ष संलग्नताको प्रमाण जुटाउन नसक्दा प्रहरीले उनलाई प्रतिवादी बनाउन सकेन ।

यस्तै नेकपा एमाले अध्यक्ष केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्य र पूर्व प्रदेश सांसद अजयक्रान्ति शाक्यको पनि नाम उल्लेख गरिएको छ । उनीहरुलाई पनि रकम बुझाएको प्रतिवादीको बयान छ । उनीहरुको नाम बयानमा उल्लेख भएसँगै अनुसन्धान प्रतिवेदनमा प्रमाण जुटेको अवस्थामा पूरक अभियोग दर्ता हुन सक्ने उल्लेख गरिएको छ ।

तर यसअघि चर्चा भएका शेरबहादुर देउवा पत्नी आरजु राणा र बालकृष्ण खाँण पत्नी मञ्जु खाँणको भने प्रतिवेदनमा नाम उल्लेख गरिएको छैन । उनीहरुको नाम बयानका क्रममा प्रतिवादीले नलिएकाले उल्लेख नगरिएको अनुसन्धान अधिकारीले बताएका छन् ।

उनीहरुविरुद्ध कुनै पनि प्रमाण फेला नपरेको प्रहरीको दाबी छ । तर पछि अन्य जाहेरी परेर अनुसन्धान हुँदा प्रमाण जुटेमा कसैले पनि उन्मुक्ति नपाउने प्रहरीले जनाएको छ । प्रहरीले ५७ दिन लामो अनुसन्धानपछि नक्कली शरणार्थी प्रकरणमा रायसहित सोमबार प्रतिवेदन बुझाएको हो । सोमबार जिल्ला सरकारी वकिल कार्याललय काठमाडौंमा बुझाएको प्रतिवेदनमा ३० जनालाई प्रतिवादी बनाउन प्रहरीले राय दिएको छ । तीमध्ये १६ जना पक्राउ परेका छन् भने १४ जना फरार छन् ।




खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : भरत महर्जन, निर्देशक : अमिता लक्ष्मी श्रेष्ठ (सैंजु), प्रधान सम्पादक राजु बस्नेत, सम्पादक : शशी कोइराला, कार्यकारी सम्पादक : रूपक शाक्य
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# मन्त्रिपरिषद विस्तारसँगै गठबन्धनमा विभाजन



काठमाडौं । मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले चौथो पटक मन्त्रिपरिषद विस्तार गरेका छन् । नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीलाई सरकारमा ल्याएर मन्त्रिपरिषद विस्तार गर्दा गठबन्धनमा भनने विभाजन आएको छ ।

जनता समाजवादी पार्टी (जसपा), कांग्रेस र एकीकृत समाजवादी एकातर्फ उभिएको छ भने जनमत, माओवादी केन्द र लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) अर्कोतर्फ । यद्यपि यो विवादले सरकार अप्ठ्यारोमा नपर्ने जसपा नेताहरुको दाबी छ ।

जसपा संसदीय दलका नेता यादव नेकपा एमाले, जनमत पार्टी र माओवादी केन्द्रको समर्थनमा २७ पुसमा मुख्यमन्त्री बनेका थिए । राष्ट्रपति निर्वाचनसँगै केन्द्रको गठबन्धन फेरियो, एमालेले २१ चैतमा मधेशमा पनि सरकार छाड्यो ।

तर मुख्यमन्त्री यादवले लामो समय सरकार विस्तार गर्न सकेनन् । केन्द्रमा कांग्रेस, एकीकृत समाजवादी सरकारमा जाँदा पनि मधेश प्रदेश सरकारमा मन्त्री पठाएनन्, बरु १० वैशाखको उपचुनावको पूर्व सन्ध्यामा मुख्यमन्त्री फेर्ने सहमति भयो ।

उपचुनावपछि लोसपा र कांग्रेसले मुख्यमन्त्री दाबी पनि गरेका हुन्, तर केन्द्रको सत्ता समीकरणमा निर्णायक भएको जसपाले मधेश प्रदेशको मुख्यमन्त्री छोड्न मानेन । शीर्ष नेताहरु त्यसमा सहमत भएपछि मुख्यमन्त्री दाबी गर्दै आएका कांग्रेस र लोसपाका प्रदेशस्तरका नेताहरु स्वीकार गर्न बाध्य भए ।

शीर्ष नेताहरुले मन्त्रालय भागवण्डा मिलाएर सरकारमा मन्त्रीहरु पठाउन निर्देशन दिएपछि जनकपुर पुगेका प्रदेशका नेताहरुबीच सोमबार छलफल पनि भएको थियो । तर १० वटा मन्त्रालय रहेको प्रदेशमा दलहरुको दाबी १६ थियो, त्यसैले सहमति जुटेन । मंगलबार फेरि छलफल गर्ने भन्दै नेताहरु उठेका थिए ।

तर मुख्यमन्त्री यादवले सत्तारुढ दलहरुको बैठक राख्नुको साटो मन्त्रिपरिषद् विस्तार गरे ।कांग्रेस संसदीय दलका नेता कृष्ण यादवलाई भौतिक पूर्वाधार विकास र वीरेन्द्र सिंहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्री बनाएका उनले एकीकृत समाजवादी संसदीय दलका नेता गोबिन्दबहादुर न्यौपानेलाई भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री बनाए ।

जनमत पार्टीका उपाध्यक्ष बसन्त कुशवाह कृषिमन्त्री थिए । एक नेताका अनुसार सोमबार भएको छलफलमा मुख्यमन्त्री यादवले जनमत पार्टीका नेताहरुलाई कृषि मन्त्रालय छाड्न र भौतिक पूर्वाधार र अर्थ बाहेक अरु रोजेर लिन प्रस्ताव गरेका थिए । जनमतका नेताहरुले भने हाल लिएको मन्त्रालय नछाड्ने बताए ।

मंगलबार उनले जनमत पार्टीका नेताहरुसँग छलफल गरेनन्, कुशवाहलाई विना विभागीय मन्त्री बनाएर एकीकृत समाजवादीका न्यौपानेलाई कृषि मन्त्री बनाएका छन् । मुख्यमन्त्री दाबी गरेको लोसपालाई सरकारमै सहभागी गराइएको छैन भने माओवादीलाई पनि उसको मागअनुसार थप मन्त्रालय दिइएको छैन ।

मंगलबारको मन्त्रिपरिषद् विस्तारले तीन दल रुष्ट बनेका छन् । तीनै दलका नेताहरु नवनियुक्त मन्त्रीहरुको शपथ ग्रहण समारोहमा समेत सहभागी भएनन् ।

मंगलबार दिउँसो मधेश भवनको कभर्ड हलमा मन्त्रीहरुको शपथको तयारी भइरहँदा माओवादी केन्द्रको संसदीय दल बैठकले सरकारबाट बाहिरिने निर्णय गरेको छ । मुख्यमन्त्री यादवले मनपरी ढंगले सरकार विस्तार गर्न लागेकाले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री सुनिता यादव र राज्यमन्त्री रहबर अन्सारीलाई फिर्ता बोलाउने निर्णय माओवादी संसदीय दलका नेता भरत साह बताउँछन् । उनले यस विषयमा मौखिक जानकारी मुख्यमन्त्री यादव र पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई दिएका छन् ।

विना विभागीयमन्त्री जनमत पार्टीका बसन्त कुशवाहका अनुसार यसबारे प्रधानमन्त्रीसँग छलफल भएपछि सरकारमा बस्ने वा छाड्ने भन्ने विषयमा पार्टी केन्द्रले आवश्यक निर्णय गर्छ ।

जनमत पार्टी भने कृषि र शिक्षा मन्त्रालय नपाए सरकार छाड्ने मुडमा छ । कृषि मन्त्रालय खोस्न लागेको थाहा पाएपछि भएको छलफलमा पनि नेताहरुले पनि त्यही धारणा आएको थियो ।

'मुख्यमन्त्रीले बिना सल्लाह मन्त्रालय खोस्नु ठीक भएन । गठबन्धनको सरकार छ भने सबैको भावना बुझेर कुनै निर्णय गर्नुपर्थ्यो', संसदीय दलका नेता महेश यादव भन्छन्, कुनै पनि दलको स्पष्ट बहुमत नभएकाले मुख्यमन्त्रीजीले जे मन लाग्यो, त्यही गर्न पाउनुहुन्न ।'

विना विभागीयमन्त्री कुशवाहका अनुसार यसबारे प्रधानमन्त्रीसँग छलफल भएपछि सरकारमा बस्ने वा छाड्ने भन्ने विषयमा पार्टी केन्द्रले आवश्यक निर्णय गर्छ । मधेश प्रदेशका लोसपा संसदीय दलका नेता अभिराम शर्मा पनि केन्द्रमा भएको निर्णय विपरित जाँदा मुख्यमन्त्रीले सरकार विस्तार गरेको बताउँछन् । शीर्ष नेतृत्व तहमा भएको सहमति र गाइडलाइन अनुसार सरकारले अघि बढ्नुपर्ने भन्दे उनले भने, 'अब लोसपाले के गर्ने विषयमा पुनः छलफल गर्छौं ।'

मंगलबार नै जनमत, माओवादी र लोसपा नेताहरुको संयुक्त बैठक बसेको थियो, जसले मुख्यमन्त्रीको कदमको भर्त्सना गरेको छ । 'तीन दलको बैठकले चोरबाटोबाट मुख्यमन्त्रीले गरेको सरकार विस्तार र शपथग्रहण प्रति गम्भीर आपत्ति प्रकट गरेको छ', माओवाद, संसदीय दलका नेता साह भन्छन्, 'यो काम गठबन्धनको मर्म र भावना विपरीत छ । गलत क्रियाकलापको विरोध गर्दै अघि बढ्ने निर्णय भएको छ ।'

उनका अनुसार कसरी अघि बढ्ने विषयमा तीन दल पुनः भोलि बसेर ठोस धारणा बनाउने छ । जसपाका नेताहरु भने माओवादीको मधेश प्रदेश संसदीय दलको निर्णयका कारण जसपा खासै डराएको छैन । किनकी केन्द्रको समीकरणका कारण पनि माओवादीले मधेश प्रदेशसमा सरकार छाड्दैन भन्नेमा जसपा नेताहरु ढुक्क छन् ।

संयोग पनि कस्तो भने मधेशमा माओवादीले जसपा नेतृत्वको सरकारबाट बाहिरिने निर्णय गरिरहँदा केन्द्रमा भने प्रचण्डले जसपा नेताहरुलाई मन्त्री बनाएका छन् । जसपाबाट वीरेन्द्रकुमार महतो वन तथा वातावरणमन्त्री र प्रमिलाकुमारी यादव शिक्षा तथा विज्ञान प्रविधि राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

माओवादीले समर्थन फिर्ता नलिएको अवस्थामा मधेशमा सरकारलाई चाहिने बहुमत (५४) पुग्छ । त्यसैले जनमत र लोसपालाई फकाउनेतिर नलाग्ने जसपा नेताहरु बताउँछन् । जनमतलाई अब दुई वटा मन्त्रालय दिइराख्न नसक्ने भन्दै जसपाका एक प्रदेशसभा सदस्य भन्छन्, 'उहाँहरुले छाडे पनि सरकार ढल्दैन ।'

मुख्यमन्त्री यादवले भने जनमत मात्र होइन, जसपाकै एक मन्त्रीलाई पनि विना विभागीय बनाएको र छिट्टै छलफल गरेर सरकारलाई पूर्णता दिने दाबी गरेका छन् ।

मधेशमा मुख्यमन्त्री कार्यालयबाहेक १० मन्त्रालय छ । मंगलबारको विस्तारपछि पनि सरकारले पूर्णता पाएको छैन । मुख्यमन्त्री यादवसँग तीन वटा मन्त्रालयको जिम्मेवारी छ भने दुई मन्त्री र दुई राज्यमन्त्री विना विभागीय छन् । नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र सिंहका अनुसार अब हुने विस्तारमा कांग्रेसले थप दुईवटा मन्त्रालय वा एक मन्त्रालय र सभामुख पाउने छ ।

# राजसंस्था फर्काउने पहलमा पूर्वराजा

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाह केही समयदेखि 'नागरिक अभिनन्दन' ग्रहण गर्न व्यस्त छन् । कतै एकल त कतै पारिवारिक रूपमा नै उपस्थित गराएर उनलाई अभिनन्दन गर्ने सिलसिला चलिरहेको छ ।

पृष्ठभूमिमा कुनै ठूलो राजनीतिक शक्ति नभए पनि पूर्वराजाका अभिनन्दन समारोहमा बाक्लो उपस्थिति देखिन्छ । राजनीतिक दलहरूले पैसा खर्च गरेर पनि आफ्नो आमसभाहरुमा जम्मा गर्न नसकेको भिड पूर्वराजाको अभिनन्दनमा स्वतःस्फूर्त नै जम्मा भइरहेको छ । यसले राजावादीहरू हौसिएका छन् । चाँडै वृहत् जनआन्दोलनमार्फत् राजसंस्था फर्काउने फुर्ती हाँक्न थालेका छन् ।

गत १ फागुनमा व्यवसायी दुर्गा प्रसाईंले आयोजना गरेको 'नागरिक बचाउ महाअभियान' को उद्घाटन समारोहमा सहभागी भएर पूर्वराजाले जनताको नाडी छाम्ने प्रयास गरेका थिए । उक्त कार्यक्रममा अपेक्षित भिड जुटेपछि उनी उत्साहित बने । त्यसपछि लगातार देशका विभिन्न स्थानमा 'नागरिक अभिनन्दन' का नाममा आयोजना गरिएका सभाहरूमा पूर्वराजा सहभागी भइरहेका छन् । त्यो पनि एक्लै होइन, परिवारसहित ।

गत २० चैतमा कोशी प्रदेशको इनरुवामा उनको नागरिक अभिनन्दन गरियो, जहाँ हजारौं मानिसहरू सहभागी थिए । त्यसपछि १७ वैशाखमा जुम्लामा र २० वैशाखमा नेपालगञ्जमा तथा ८ जेठमा सुदूरपश्चिम प्रदेशको धनगढीमा पनि भव्य समारोहमा उनी अभिनन्दित भए । त्यहाँ 'राजा आऊ देश बचाऊको नारा' लाग्यो ।

यी अभिनन्दन समारोहमार्फत पूर्वराजाले 'एक तीर दुई शिकार' गरिरहेका छन् । पहिलो त जनतामा आफूप्रतिको समर्थन र क्रेज बढ्दो छ भन्ने देखाएर वर्तमान सत्ताधारीहरूलाई तर्साउन उनी सफल छन् । एक प्रकारले राजावादीहरूको शक्ति प्रदर्शन भइरहेको छ । दोस्रो, उनी राजसंस्था पुनर्स्थापनाका लागि जनतालाई झक्झकाइरहेका छन् । अभिनन्दन कार्यक्रमका प्रत्येक सम्बोधनहरुमा पूर्वराजा वर्तमान प्रणालीप्रतिको असन्तुष्टि र राजसंस्थाको अपरिहार्यतालाई परोक्षरुपमा अभिव्यक्त गर्ने गर्छन् ।

निकटस्थ स्रोतहरूका अनुसार पूर्वराजा यतिबेला 'अभि नहीं तो कभि नहीं' मुडमा छन् । उमेरका हिसाबले पनि वृद्धावस्थामा (७५ वर्ष) प्रवेश गरेकाले अब ढिला गर्न नहुने उनको बुझाइ छ । त्यसैले सबै अस्त्रहरू प्रयोग गर्न खोजेका छन् उनले ।

गत फागुन ७ गते प्रजातन्त्र दिवसका अवसरमा दिएको सन्देशमा उनले आफू दलहरूसँग सहकार्य गर्न इच्छुक रहेको सन्देश प्रवाह गरेका थिए । तर, दलहरूले उनको सन्देशलाई उपेक्षा गरे । त्यसयता लगातार आफ्ना सन्देशहरूमा शाहले शक्तिमा फर्किन चाहे र महत्वाकांक्षा प्रकट गरिरहेका छन् । लामो समय झापाको दमकमा रहेको आफ्नो निवासमा बसेर उनले राजसंस्थाप्रति झुकाव राख्ने सयौं व्यक्तिहरूसँग भेटघाट गरे । राप्रपाका शीर्ष नेताहरूलाई सामूहिकरुपमा नै भेटे । सीधै नभने पनि राप्रपाले आन्दोलनको संयोजन गरिदिनुपर्छ भन्ने उनको भाव थियो ।



पूर्वराजाको संकेत अनुसार राप्रपा चाँडै राजसंस्था पुनर्स्थापना तथा धर्मनिरपेक्षता र संघीयता खारेजीको एजेन्डासहित वृहत् आन्दोलनमा जाने तयारी गरिरहेको छ । यसका लागि पार्टीले आन्तरिक गृहकार्य अन्तिम चरणमा पुऱ्याएको छ । तर, पूर्वराजा राप्रपामा मात्रै भर परिरहेका छैनन् । देशभित्रको माहोल आफ्नो पक्षमा पार्नेसँगै बाह्य शक्तिको समर्थन जित्ने प्रयासमा पनि छन् ।

पूर्वराजाले यसबीचमा दुईपटक भारतको भ्रमण गरिसके । दुवै भ्रमण राजनीतिक प्रयोजनका लागि भएको बुझिन्छ । तर, दुवै भ्रमणका डिटेल्सहरु गोप्य राखिएको छ । गत महिना मात्रै उनी उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथको निम्तो मान्न सपरिवार पुगेका थिए । पूर्वयुवराज पारसबाहेक तत्कालीन राजपरिवारका सबै सदस्यहरू भ्रमणमा सहभागी थिए । पूर्वमुमाबडामहारानी रत्नसमेत । लखनउमा भव्य कार्यक्रम आयोजना गरेर आदित्यनाथले पूर्वराजालाई सत्कार गरे ।

आदित्यनाथसँगको भेटवार्ताबाट पूर्वराजा निकै उत्साहित बनेको उनीनिकट स्रोत बताउँछ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विश्वासपात्र र भावी प्रधानमन्त्रीका रूपमा समेत हेर्ने गरिएका आदित्यनाथ हिन्दू कट्टरपन्थी नेता हुन् । पूर्वराजपरिवारसँग उनको पहिल्यैबाट प्रगाढ सम्बन्ध छ । आदित्यनाले पूर्वराजालाई 'श्री ५ महाराजधिराज' सम्बोधन गरेर निम्त्याएका थिए । लखनउमा पनि 'राजा' कै हैसियतमा सम्मान दिएको राजसंस्था निकटहस्थहरुको दाबी छ ।

त्यसो त पूर्वराजासँग अर्को मित्रराष्ट्र चीनको पनि न्यानो सम्बन्ध रहेको उनी निकटस्थ नेताहरू दाबी गर्छन् । राजसंस्था पुनर्स्थापनाको एजेन्डामा उनल चीनको पनि समर्थन प्राप्त गर्न सक्ने दाबी गरिएको छ । यद्यपि, यो दाबी पत्यारिलो भने छैन । जे भए पनि नारायणहिटीबाट बाहिरिएको डेढ दशकपछि फेरि सिंहासनमा बस्ने महत्वकांक्षा पूर्वराजामा सवार भएको चाहिँ यथार्थ हो । 'गणतन्त्र' ले कुनै डेलिभिरी दिन र देश झन् लथालिंग बन्दा दिक्क भएका जनताको एउटा हिस्सामा पूर्व राजसंस्थाप्रति आकर्षण र सहानुभूति बढिरहेको पनि यथार्थ हो । तर, बारम्बार व्यवस्था परिवर्तनले मात्रै देशको भवितव्य बदलिँदैन भन्ने मान्यता राख्ने जनमत पनि ठूलो छ ।

# मसिनालाई कस्ले बनायो मन्त्री

काठमाडौं । राजनीति सम्भावनाको खेल हो । त्यसमाथि नातावाद कृपावाद हावी भएको देशको राजनीतिमा कस्को कतिबेला भाग्योदय हुने हो भन्नै सकिदैन । यस्तै भएको छ सिन्धुपाल्चोककी मसिना खड्काको जीवनमा । अमेरिका गएर परिवारसहित बसेकी मसिना अहिले नेपाल फर्किएर सांसदको टिकट पाइन्, चुनाव जितिन् अनि मन्त्री बनिन् । उनलाई मन्त्री बनाउन अरु कोही नभएर बाहुबली नेताको परिचय बनाएका मोहनबहादुर बस्नेत हुन् । बस्नेत स्टुडियोमै हातपात गर्न पछि पर्दैनन् । जिल्लामा त उनको दबदबा नै छ । यसकारण उनले भनेको काट्न सक्ने कोही छैन सिन्धुपाल्चोक काँग्रेसमा । बस्नेतले आफूले मात्र चुनाव जितेनन् मसिना खड्काका लागि टिकट दिलाएर चुनाव जिताए । यसपटक बागमती प्रदेशको मन्त्रिमण्डल विस्तारमा ठूलै लफडा चल्यो । शेरबहादुर देउवा पक्षधरमै मारामार पर्न गयो । प्रकाशमान सिंहलाई बागमतीमा अनिवार्य भाग चाहियो नै । बागमती प्रदेशमा मन्त्री बनाउन नेपाली काँग्रेसका प्रभावशाली नेताहरुको रस्साकस्सी पऱ्यो । केन्द्रको मन्त्री नियुक्तिमा भूमिका खेल्न नसक्ने नेताहरु आफ्नालाई व्यवस्थापन गर्न मरिमेटेर लागे । बागमती प्रदशेमा प्रभावशाली रहेका प्रकाशमान सिंह, डा. प्रकाशशरण महत, मोहनबहादुर बस्नेतले निकटस्थ व्यवस्थापनमा शक्ति देखाए ।

सिंहले पुकार महर्जनलाई पर्यटनमन्त्री बनाई छाडे । प्रकाशशरण महतको अडानले रामकृष्ण चित्रकार विना विभागीय भएपनि मन्त्री बन्न के । सबैभन्दा प्रभाव मसिना खड्काको देखियो । सिन्धुपाल्चोक क्षेत्र नं १ क बाट चुनाव जितेकी हुन् खड्का । उनले टिकट पनि मोहन बहादुर बस्नेतको आशिर्वाद पाइन् । चुनाव पनि जितिन् । अहिले मन्त्री पनि भइन् । मोहनबहादुरले आफ्नो शक्ति र सामर्थ्य मज्जाले देखाए । अमेरिकामा छन् मसिनाको परिवार । उनी पहुँचकै बलमा मन्त्री बनिन् यसपटक । मोहनबहादुर बस्नेतको अडानका सामु कसैको केही लागेन । मैं हुँ भन्ने काँग्रेस नेता जिल्लाराम परे ।

नेकपा एकीकृत समाजवादीबाट डा. राजेन्द्रमान श्रेष्ठ कृषि र लक्ष्मण लम्सालले श्रम मन्त्रीको सपथ लिएका छन् । शालिकराम जमरकट्टेलले ११ बाट १२ मन्त्रालय बनाएर मन्त्री नियुक्त गरेका हुन् । जमरकट्टेले यसअघि मन्त्रालय घटाउने कुरा गरेपनि बढाएबाट बदनाम हुने अवस्था बनेको छ । नचाहँदा नचाहँदै काँग्रेसका लागि उनले मन्त्रालयको संख्या बढाए । सपथमा उनी खिन्न थिए ।

# पूर्वगृहसचिवले पचाए पचास लाख

काठमाडौं । नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रहरीले अनुसन्धान सकेपछि धेरै व्यक्तिलाई हाइसञ्चो भएको छ । बिचौलियाबाट फाइदा लिएका तर प्रहरी अनुसन्धानबाट जोगिएका दर्जन व्यक्तिहरू सोमबारदेखि तनावमुक्त भएका छन् ।

यसरी जोगिनेमध्ये केपी शर्मा ओलीका विश्वास पात्र पूर्वगृहसचिव महेश्वर न्यौपाने हुन् । उनले बिचौलिया समूहबाट करिब ५० लाख लिएको प्रहरी अनुसन्धानमा देखिएको छ । पक्राउ परेका सानु भण्डारीको डायरीमा सो विवरण उल्लेख छ । तर, नगद पैसा लेनदेन भएकाले बलियो प्रमाण जुटाउन प्रहरीले सकेन । जसकारण पैसा पचाउन न्यौपाने सफल भएका छन् । बालकृष्ण पन्थी नेतृत्वको प्रतिवेदन कार्यान्वयनमा सघाउने भन्दै उनले पैसा लिएका थिए । तर, लामो समय प्रतिवेदन मन्त्रिपरिषद्मा रोकिएको थियो । मन्त्रिपरिषद्लाई देखाउँदै उनले बिचौलियाहरुलाई प्रधानमन्त्री कार्यालयबाट निर्णय आएपछि काम गरिदिने आश्वासन दिने गर्दथे । न्यौपाने महेश बस्नेतनिकट मानिन्छन् ।

**सडक सबैको सम्पत्ति हो**
**सडक भौतिक पूर्वाधारको मेरुदण्ड हो।**
**त्यसैले**

- सडकको मापदण्ड विपरीत स्थायी संरचना, घर टहरा आदि निर्माण नगरौं,
- सडक किनारमा निर्माण सामाग्री नथुपारौं,
- सडक छेउको नालीमा फोहोरमैला नफालौं,
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं,
- सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं, सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो, यस सम्बन्धी जानकारी उपलब्ध गराउन हामी सबैको कर्तव्य हो ।

**–डिभिजन प्रमुख**
**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन हेटौंडा**
**हेटौंडा, मकवानपुर**

**सडक सबैको सम्पत्ति हो**
**सडक भौतिक पूर्वाधारको मेरुदण्ड हो।**
**त्यसैले**

- सडकको मापदण्ड विपरीत स्थायी संरचना, घर टहरा आदि निर्माण नगरौं,
- सडक किनारमा निर्माण सामाग्री नथुपारौं,
- सडक छेउको नालीमा फोहोरमैला नफालौं,
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं,
- सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं, सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो, यस सम्बन्धी जानकारी उपलब्ध गराउन हामी सबैको कर्तव्य हो ।

**–डिभिजन प्रमुख**
**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन कार्यालय**
**काठमाडौं**

- हाम्रो बागमती हाम्रो सभ्यता,
- कायम राखौं यसको पर्यावरणीय स्वच्छता
- जोगाई राख्न सके यसको पवित्रता
- बढ्ने छ आत्मसम्मान आत्मीयता
- सदा बचाई राख्न यसको सौन्दर्यता
- सबै मिली गरौं प्रयास र प्रतिबद्धता
- नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔं।
- बाग्मती नदी र यसका सहायक नदीनालाहरुलाई स्वच्छ र सफा राखौं।
- नदी किनारको जग्गाहरुको संरक्षण गरौं ।
- नदी किनारमा वृक्षारोपण गर्दा नदीको सौन्दर्य बढाऔं ।
- नदी किनारको दायाँबायाँ निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔं।
- बाग्मती सभ्यताको विकास र सम्बर्द्धन गरौं ।
- बाग्मती नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौं ।

नेपाल सरकार
**सहरी विकास मन्त्रालय**
**अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति**
**गुह्येश्वरीफाँट, काठमाडौं, सम्पर्क नं. ०१–४४७९७०३**

# क्यानसरको पहिचान कसरी गर्ने ?

हामी क्यान्सरहरुको बारेमा कुरा गर्नेछौं, जुन केवल महिलाको शरीरमा हुन्छ। अन्डाशय, पाठेघर र पाठेघरको मुख (फ्यालोपियन ट्युब) मा हुने क्यान्सर महिलाको शरीरमा मात्रै हुन्छ।

दुर्भाग्यवश, यी अंगमा क्यान्सर भएपछि सुरुवाती चरणमा प्रायः कुनै पनि किसिमको पीडा हुँदैन। एक किसिमको मौन चरण चलिरहेको हुन्छ। कैयौं महिनासम्म क्यान्सर शरीरमा चुपचाप बढिरहेका हुन्छन्। यो रोगको पहिचान प्रायः त्यो समयमा हुन्छ, जब क्यान्सरहरु फैलिएर अन्य अंगसम्म पुगिसकेका हुन्छन्। त्यति बेला धेरै ढिलो भइसकेको हुन्छ।

यदि, हामीले यो रोगलाई सुरुवातमै थाहा पाउन सकेमा पूर्णरूपमा उपचार गर्न संभव छ। तर, सुरुवाती चरणमै पत्ता लगाउन चिकित्सकभन्दा पहिले व्यक्तिले नै केही जानकारीहरू राख्नु पर्छ। यी क्यान्सरहरूबारे हामीले थोरै मात्र थाहा पायौं भने पनि त्यो पर्याप्त हुन्छ।

**अन्डाशयको क्यान्सर**

यो क्यान्सरको जोखिम प्रायः बढी उमेरका महिलालाई हुन्छ। ७५ देखि ८० वर्षका महिलालाई धेरै मात्रामा यो क्यान्सर हुन्छ। ४० वर्षभन्दा कम उमेरका महिलाहरुलाई यो क्यान्सर हुने जोखिम नगन्य हुन्छ।

यो क्यान्सर ती महिलालाई धेरै हुन्छ, जसको अन्डाशयले ठीकसँग काम गर्न सकिरहेको हुँदैन। उदाहरणका लागि, जो महिला सन्तान जन्माउन सक्षम हुँदैनन्, वा यस्ता महिला जसलाई केही सन्तान लाभ भए पनि गर्भवति हुन नसक्ने अवस्था हुन्छ, वा यस्ता महिला जसको पटकपटक गर्भपतन भएको हुन्छ। यसको ठीक विपरीत, हरेक पटक गर्भवती हुँदा अन्डाशयमा हुने क्यान्सरको आशंका १० प्रतिशत कम हुने मानिन्छ। सँगै स्तनपान तथा 'ओरल कन्ट्रासेप्टिब'ले पनि यो क्यान्सरको आशंकालाई कम गर्छन्।

१० प्रतिशतलाई यस्तो क्यान्सर आनुवशिंक पनि हुनसक्छ। रगतको नाता भएका दुई वा दुईभन्दा धेरै पुस्तालाई यो क्यान्सर भएको छ भने आगामी पुस्तालाई पनि यो क्यान्सर हुने जोखिम ५० प्रतिशतसम्म बढेर जान्छ।

**यो क्यान्सरको लक्ष्यण के हो ?**

यसको सबैभन्दा जोखिम धेरै समयसम्म कुनै पनि किसिमको पीडा पैदा नगर्नु हो। पछि जब क्यान्सर फैलिएर आसपासका अन्य अंगसम्म पुग्छ (पेल्बिसदेखि पिशाबको थैली वा वरपरका नशाहरुमा), तब मात्रै पेट दुख्ने, पिसाब गर्दा असहज हुने, कब्जियत हुने, कम्मरमा दुखाइ हुनेजस्ता समस्या देखिन थाल्छन्। त्यसैले यो क्यान्सर शरीरमा छ भने पनि लामो समयसम्म यसबारे कुनै कुरा थाहा हुँदैन। यो कारण पनि अन्डाशयको क्यान्सर धेरै खतरनाक छ।

त्यसो त मेडिकल साइन्सले कुनै किसिमको परीक्षणमार्फत बिरामीलाई समयमै पहिचान गर्नसक्ने उपायको खोजी निरन्तर गरिरहेको छ। तर, हालसम्म कुनै उपाय भेटिएको छैन।

त्यसो भए अहिलेको अवस्थामा के गर्न सकिन्छ ? हाललाई अन्डाशयको क्यान्सरबारे थाहा पाउन कुन किसिमको 'स्क्रिनिङ मेथड' अपनाउनुपर्छ ?

पहिलो चरण वा दोस्रो चरणको समयमा यो क्यान्सरबारे थाहा पाउन सकियो भने पूर्ण रुपमा हटाउन सकिन्छ। त्यसपछि क्यान्सर भएकी महिला पूर्ण रूपमा स्वस्थ हुनसक्छिन्। तर, यसलाई कसरी पहिचान गर्ने ?

हाललाई यसको जवाफ छैन। यो अवस्थामा कमसेकम जुन महिलालाई क्यान्सर हुने आशंका बढी हुन्छ ( उदाहरणका लागि ती महिलाहरू जसको नजिकका आफन्त महिलामा यो क्यान्सर भएको होस्), उनीहरूलाई नियमित रूपमा आफ्नो शरीरको तीन किसिमका परीक्षणको सल्लाह दिन सकिन्छ।

१. कुनै सक्षम गाइनेकोलोजिस्टसँग शरीरको आन्तरिक जाँच गराउने

२. कुनै राम्रो सोनोलोजिस्टसँग आफ्नो ट्रान्स भेजाइनल (पाठेघरको मुखसम्मको) अल्ट्रासाउन्ड गर्ने

३. रगतको विशेष परीक्षण (सीए १२५ परिक्षण) गर्ने

यी परीक्षणहरु निकै आवश्यक छन्। यस्तो नगरेमा क्यान्सर पूर्णरूपमा फैलिएपछि मात्रै थाहा हुन्छ। पूर्णरूपमा फैलिएको क्यान्सर निकै खतरनाक हुन्छ।

**पाठेघरको मुखको क्यान्सर**

एक समय यो क्यान्सर महिलाहरूको मृत्युको महत्वपूर्ण कारण थियो। पछि एउटा सामान्य किसिमको स्क्रिनिङ परीक्षण (पैप्स स्मियर)को खोज भएसँगै यो क्यान्सरलाई सुरुवाती समयमै पत्ता लगाउन सकिने भयो। मेडिकल विज्ञानको क्षेत्रमा यो सानो खोजका कारण पाठेघरको मुखको क्यान्सरबाट हुने मृत्यु करिब ५० प्रतिशतसम्म कम भएको थियो।

**पैप्स स्मीयर के हो ?**

यो एउटा सामान्य किसिमको परिक्षण हो, जुन तपाईंको गाइनेकोलोजिस्टले आउटडोरमै दुई वा तीन मिनेटमा गर्न सक्छन्। २४ घण्टाभित्रमा यसको रिपोर्ट पनि आउँछ। यो टेस्टबाट चिकित्सकले पाठेघरको मुखमा क्यान्सर विकसित भए नभएको थाहा पाउन सक्छन्।

**कस्ता महिलामा यो क्यान्सरको बढी आशंका हुन्छ ?**

यो क्यान्सर हुनुमा मुख्यगरी यौन क्रियाकलापमा सक्रिय हुने एचपीबी नामक भाइरसको भूमिका धेरै हुने जानकारीमा आएको छ। यो क्यान्सरलाई पूर्णरूपमा रोक्न सक्ने स्थिति पनि निर्माण भएको छ। अहिले यो भाइरसको विरुद्धमा एउटा मल्टिभेलेन्ट खोपको खोज भएको छ। यदि, हामीले आफ्ना किशोर छोरीहरुलाई यो खोप सही उमेरमा दिन सकेमा यो क्यान्सरको रोकथाम हुनसक्छ।

त्यसो त यो भाइरस मात्रै पाठेघरको मुखको क्यान्सरको एक मात्र कारण होइन। यो क्यान्सर गरिब महिला (जसले पर्याप्त मात्रामा भोजन पाउँदैनन्), कम उमेरमा यौनजन्य क्रियाकलापमा सक्रिय भएका महिला, धेरै व्यक्तिसँग यौन सम्पर्क गर्ने महिला, धुम्रपान गर्ने र परिवारमा विगतमा यो बिरामी भएका महिलामा पनि हुने डर हुन्छ।

पाठेघरको मुखको क्यान्सरले पनि सुरुवातमा असहजता पैदा गर्दैन। तर, योनीबाट असामान्य किसिमको रक्तश्राब भएमा, ज्यादा रगत बगेमा, सहवासपछि रगत बग्ने भएमा वा पहेँलो रङको 'भजाइनल डिस्चार्ज' भएमा, लगातार कम्मर दुख्ने र पिसाब फेर्नमा असहजता भएमा एकपटक जाँच गर्नैपर्छ। यस्तोमा गाइनेकोलोजिस्टले महिलाको पैप स्मियर, आन्तरिक परीक्षण र आवश्यक भएमा सर्विक्स बायोप्सी जस्ता परीक्षण गर्न सक्छन्।

महिलाहरूले यौनजन्य क्रियाकलाप सुरु गरेपछि वा २० वर्षको उमेर भएको सुरुवातका तीन वर्षसम्म हरेक वर्ष पैप्स स्मियर गर्नुपर्छ। यदि, सबै कुरा ठीक देखिएमा त्यसपछि तीन-तीन वर्षको फरकमा यो परीक्षण गर्नुपर्छ।

माथि उल्लेखितमध्ये कुनै पनि किसिमका असहजता पैदा भएमा बीचमा पनि यी परीक्षण गर्नुपर्छ। यस्तो गरेमा यो क्यान्सरलाई एकदमै सुरुवाती चरणमा पत्ता लगाउन सकिन्छ।

पाठेघरको क्यान्सर हुने महिलामध्ये दुईतिहाइ ती महिला हुन्छन्, जसको मनोपज (महिनावारी बन्द भएपछिको समय) भइसकेको हुन्छ। साधारणतः यो ६० देखि ७० वर्षका महिलामा धेरै हुने गरेको छ। त्यसो त यो क्यान्सरको एकतिहाइ रूपमा कम उमेरका महिलामा पनि हुन सक्छ।

**पाठेघरको क्यान्सरका लक्षणहरू**

पाठेघर एउटा ठूलो आकारको अंग हो। यसभित्र ठूलो खाली ठाउँ हुन्छ। यसमा क्यान्सर फैलिनका लागि पर्याप्त ठाउँ पनि हुन्छ।

धेरै ठाउँमा फैलिनुअघि नै प्रायः यसबारे थाहा पाइन्छ। त्यसैले यसको पूर्णरूपमा उपचार गर्न संभव छ। तपाईंले जान्नुपर्ने कुरा, यदि कुनै महिलालाई (जसको मनोपज भइसकेको छ) योनाङ्गबाट खराब किसिमको पानी बग्ने वा महिनावारी बन्द भइसकेको समयमा पनि कहिलेकाहीँ ब्लिडिङ हुने वा योनाङ्गबाट धेरै पानी बग्ने समस्या छ भने उनीहरुले गाइनेकोलोजिस्टसँग तुरुन्तै परीक्षण गराउन आवश्यक हुन्छ।

यस्तो अवस्थामा गाइनेकोलोजिस्टले प्रायः एन्ठोमेट्रियल बायोप्सी वा डि एण्ड सीको सानो सर्जरी गरेर यो क्यान्सर पत्ता लगाउन सकिन्छ। त्यसपछि शल्यक्रिया गरेर पूरै पाठेघर, अन्डाशयजस्ता अंगहरू निकालेर यसको पूर्णरूपमा उपचार गर्न सकिन्छ।

महिलाहरूलाई आफ्ना प्रजनन् अंगहरूमा हुने क्यान्सरले प्रायः कुनै पनि किसिमको असहजता हुँदैन। तर, यी क्यान्सर पत्ता लगाउन उपलब्ध भएका स्क्रिनिङका सुविधा ती महिलाले निरन्तर गराइरहनु पर्छ, जो यीमध्ये कुनै पनि किसिमका क्यान्सर हुने जोखिममा हुन्छन्।

महिलाहरूलाई हुने पेटको दुखाइ, पिसाबमा समस्या, योनाङ्गबाट हुने कुनै किसिमको ब्लिडिङ वा बग्ने तरल पदार्थ, कम्मरमा दुखाइ, खुट्टामा दुखाइजस्ता समस्या देखिए उनीहरूले आफ्नो पूरै चेकजाँच गर्न अत्यन्तै आवश्यक हुन्छ। किनकि, यस्ता असहजताहरू माथि उल्लेखित कुनै पनि किसिमका क्यान्सरसँग जोडिएका हुन सक्छन्। एजेन्सीको सहयोगमा



# आधा दर्जन विकास बैंक ऋण दिन नसक्ने अवस्थामा

काठमाडौं। चालु आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्म आधा दर्जन विकास बैंक कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा देखिएका छन्।

कर्पोरेट डेभलपमेन्ट विकास बैंकसहित आधा दर्जन कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा देखिएका छन्। नियामक निकाय नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई कर्जा निक्षेप अनुपात (सीडी रेसियो) ९० प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था गरिदिएको छ।

त्यहीअनुसार बैंकहरुले सीडी रेसियो ९० प्रतिशतसम्म लगानी गर्न पाउँछन्। सीडी रेसियो जति कम हुन्छ, त्यति नै बैंकहरुको कर्जा लगानी क्षमता धेरै रहेको बुझिन्छ। तर, आधा दर्जन विकास बैंकको सीडी रेसियो ९० हाराहारीमा देखिँदा व्यवसाय बढाउन नसक्ने स्थितिमा पुगेका हुन्।

अहिले कर्पोरेट डेभलपमेन्ट बैंकको सीडी रेसियो ९९.५७ प्रतिशत छ। केन्द्रीय बैंकको सीमाभन्दा सीडी रेसियो धेरै हुँदा ती बैंकहरुले थप कर्जा विस्तार गर्न नसक्ने भएका हुन्।

त्यसैगरी ज्योति विकास बैंकको सीडी रेसियो ८७.४० प्रतिशत, लुम्बिनी विकास बैंकको ८९.४० प्रतिशत, सप्तकोशी डेभलपमेन्ट बैंकको ८९.३० प्रतिशत, कर्पोरेट डेभलपमेन्ट बैंकको ९९.५७ प्रतिशत, नारायणी विकास बैंकको ८८.८८ र साल्पा विकास बैंकको ८८.५५ प्रतिशत छ।

यी सबै बैंकको सीडी रेसियो कसिलो हुँदा आगामी दिन थप कर्जा विस्तार गर्न नसक्ने अवस्था पुगेका हुन्। त्यसैगरी अधिकांश विकास बैंकको खराब कर्जासमेत उलेख्यमा मात्रमा बढेको छ। बैंकहरुको खराब कर्जा बढेर कर्जा नोक्सानी पनि चुलिँदा आगामी दिनमा पुँजीसँगै प्रतिफलमा समेत गिरावट आउने देखिएको छ।

आर्थिक वर्ष २०७९/८० को चैत मसान्तमा आधा दर्जन विकास बैंकको प्राथमिक पुँजी अनुपात (सीसीएआर) १० प्रतिशत तल देखिएको छ।

यसले उनीहरुको लाभांश वितरण प्रभावित हुने देखिएको छ। राष्ट्र बैंकले जारी गरेको विवरणअनुसार पुस मसान्तमा ६ विकास बैंकको सीसीएआर १० प्रतिशत कम छ।

चाल आ.व.को तेस्रो त्रैमासिकमा मुक्तिनाथ विकास बैंक, ज्योति विकास बैंक, गरिमा विकास बैंक, लुम्बिनी विकास बैंक, सांग्रिला डेभलपमेन्ट, कामना सेवा र कर्णाली डेभलपमेन्ट बैंकको सीसीएआर १० प्रतिशत कम छ।




राष्ट्र बैंकले सबै प्रकारका पुँजी र विश्लेषणको आधारमा प्राथमिक पुँजीको गणना गर्दै आएको छ। पुँजी कोषलाई राष्ट्र बैंकले (सीसीएआर) र पूरक पुँजीलाई (सीएआर)लाई गणना गर्ने व्यवस्था छ। पुँजी कोषलाई राष्ट्र बैंकले प्राथमिक पुँजी (सीसीएआर) र पूरक पुँजी (सीएआर)लाई गणना गर्ने व्यवस्था छ।

राष्ट्र बैंकले वाणिज्य बैंकहरूले ६ प्रतिशत प्राथमिक पुँजी र ४ प्रतिशत पूरक पुँजी (क्यापिटल कन्जरभेसन बफर) गरी १० प्रतिशत पुँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था गरेको छ। जसअन्तर्गत प्राथमिक पुँजी अनिवार्य व्यवस्था हो।

त्यही व्यवस्थाअनुसार सीसीएआर र सीएआर गरी १० प्रतिशत नपुगे राष्ट्र बैंकले लाभांश वितरणमा रोक लगाउँदै आएको छ। यी विकास बैंकको प्राथकिम पुँजी कोष अनुपात (सीसीएआर) १० प्रतिशत कम हुँदा लाभांश प्रभावित हुने देखिएको हो।

चैतसम्ममा मुक्तिनाथ विकास बैंकको सीसीएआर ८.५१ प्रतिशत छ। सीसीएआरको सीमा जति कम हुन्छ, त्यति नै सेयरधनीलाई दिने लाभांश प्रभावित हुन सक्छ।

त्यसैगरी ज्योति विकास बैंकले सीसीएआर ८.३९ प्रतिशत, गरिमा विकास बैंकको सीसीएआर ९.८६ प्रतिशत, कर्णाली डेभलपमेन्ट बैंकको सीसीएआर ८.५८ प्रतिशत, लुम्बिनी विकास बैंकको सीसीएआर ९.६७ प्रतिशत छ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकमा कर्पोरेट डेभलपमेन्ट बैंकको प्राथमिक पुँजी कोष ५१ प्रतिशत माथि देखिएको छ।

चैत मसान्तसम्ममा मुक्तिनाथ विकास बैंकको सीसीएआर ८.५१ प्रतिशत, ज्योतिको ८.३९ प्रतिशत, गरिमाको ९.८६ प्रतिशत, महालक्ष्मीको १०.३८ प्रतिशत, साइन रेसुङ्गा डेभलपमेन्टको ११.३८ प्रतिशत, लम्बिनी विकास बैंकको ९.६७ प्रतिशत, साग्रिंला डेभलपमेन्ट बैंकको ८.६३ प्रतिशत, कामना सेवा विकास बैंकको ८.६२ प्रतिशत, सप्तकोशी डेभलपमेन्ट बैंकको १०.३८ प्रतिशत र एक्सेल डेभलपमेन्ट बैंकको ११.७४ प्रतिशत छ।

त्यसैगरी मितेरी डेभलपमेन्ट बैंकको २४.९९ प्रतिशत, सिन्धु विकास बैंकको १०.८६ प्रतिशत, कर्णाली डेभलपमेन्ट बैंकको ८.५८ प्रतिशत, ग्रीन डेभलपमेन्ट बैंकको १७.८३ प्रतिशत, कर्पोरेट डेभलपमेन्ट बैंकको ५१.०३ प्रतिशत, नारायणी डेभलपमेन्ट बैंकको १२.४७ प्रतिशत र सालपा विकास बैंकको सीसीएआर ३८.४१ प्रतिशत छ।

चालु आ.व.को तेस्रो त्रैमाससम्ममा विकास बैंकहरुको औषत खराब कर्जा ( एनपीएल) ३.४० प्रतिशत छ। चालु आ.व.को दोस्रो त्रैमाससम्ममा विकास बैंकको खराब कर्जा २.८२ प्रतिशत र पहिलो त्रैमाससमा खराब कर्जा २.३२ प्रतिशत छ। आर्थिक वर्षमा विकास बैंकहरुको खराब कर्जा निरन्तर बढ्दै गएको छ। खराब कर्जा बढ्दै जानु रिकोभरी समस्या हुनु हो।

बैंकहरुले लगानी गरेको कर्जा उठाउन नसक्दा खराब कर्जा निरन्तर बढ्दै गएको देखिन्छ। यसले बैंकहरुको कर्जा लगानीमा चुनौती देखिएको देखिन्छ। तेस्रो त्रैमासमा आइपुग्दा विकास बैंकको अधिकतम् खराब कर्जा साढे १८ प्र्रतिशत पुगेको छ। सप्तकोशी डेभलपमेन्ट बैंकको खराब कर्जा सर्वाधिक १८.५४ प्रतिशत पुगेको छ। त्यसैगरी सबैभन्दा न्यून खराब कर्जा मुक्तिनाथ विकास बैंकको छ।

मुक्तिनाथको खराब कर्जा १.९९ प्रतिशत रहेको छ। चालु आवको दोस्रो त्रैमासम्ममा मुक्तिनाथ बैंकको खराब कर्जा ०.९८ प्रतिशत थियो। बैंक तथा वित्तीय संस्थाको खराब कर्जा ५ प्रतिशत माथि हुँदा जोखिमयुक्त मानिन्छ। अहिले अधिकांश विकास बैंकका खराब कर्जा ५ प्रतिशत हाराहारी देखिएको छ। यसले एकातिर बैंकहरुको कर्जा नोक्सानी प्रोभिजन बढ्छ भने अर्कोतिर लगानी क्षमता पनि घट्छ।

चालु आ.व.को तेस्रो त्रैमास अर्थात् चैत मसान्तसम्मम ज्योति विकास बैंकको खराब कर्जा ३.८९ प्रतिशत छ। त्यसैगरी गरिमाको १.९५ प्रतिशत, महालक्ष्मीको ४.६२ प्रतिशत, साइन रेसुङ्गाको २.११ प्रतिशत, लम्बिनी विकास बैंकको ३.७६ प्रतिशत, सागिंला डेभलपमेन्ट बैंकको ३.५५ प्रतिशत, कामना सेवाको खराब कर्जा ३.२६ प्रतिशत, सप्तकोशी डेभलपमेन्ट बैंकको १८.५४ प्रतिशत, एक्सेल डेभलपमेन्ट बैंकको ८.९२ प्रतिशत र मितेरी डेभलपमेन्ट बैंकको २.५० प्रतिशत छ।

उता सिन्धु विकास बैंकको ४.२७ प्रतिशत, कर्णाली डेभलपमेन्ट बैंकको ३.२६ प्रतिशत, ग्रीन डेभलपमेन्ट बैंकको ४.९८ प्रतिशत, कर्पोरेट डेभलपमेन्ट बैंकको ४.९८ प्रतिशत, नारायणी डेभलपमेन्ट बैंकको ४.८१ प्रतिशत र सालपा विकास बैंकको खराब कर्जा ९.०७ प्रतिशत छ।




# देउवासँग मञ्जु खाणको आक्रोश

काठमाडौं। पूर्वगृहमन्त्री तथा नेपाली कांग्रेसका नेता बालकृष्ण खाणकी श्रीमती तथा प्रतिनिधिसभा सदस्य मञ्जु खाणले मंगलबार पार्टी सभापति शेरबहादुर देउवालाई उनको निवासमै पुगेर भेटी आक्रोस पोखेकी छिन्। उनले देउवासँग शरणार्थी प्रकरणमा आफ्नो श्रीमानलाई पार्टीले बचाउ नगरेको भन्दै आक्रोश पोखेकी हुन्।

बालकृष्ण पक्राउ परेपछि सम्पर्कविहीन बनेकी मञ्जु गत शुक्रबार मात्रै सार्वजनिक भएकी हुन्। प्रहरीले नक्कली भुटानी शरणार्थी प्रकरणको प्रतिवेदन तयार गरेपछि मात्रै उनी श्रीमान भेट्न हिरासत पुगेकी थिइन्। त्यसपछि पार्टी सभापतिलाई भेटेर उनले आफ्नो कुरा राखेकी हुन्। मंगलबारको भेटमा मञ्जु सभापति तथा अन्य नेतृत्वसँग आक्रोशित रुपमा प्रस्तुत भएको स्रोतले बताएको छ। उनले धुम्बाराहीमा पुगेर नेता खाँणलाई मात्रै फसाउने गरी केही मिडिया, प्रहरी र दलका नेताहरु लागिपरेको बताइन्।

'खानेबेलामा को-को मिलेर खाए होलान्, अहिले बिना प्रमाण बालकृष्णले मात्रै सजाय भोग्नुपर्ने ? पार्टी के गरेर बसेको छ ? यसको वास्तविकता के हो ?' उनले प्रश्न गरेकी थिइन्। सभापति देउवाले मञ्जुलाई अनाहकमा कोही नफस्ने र पार्टीले यसमा पहल गरिरहेको बताएर आश्वस्त पार्न खोजेका थिए। नेता खाँणका विषयमा तरुण दलका अध्यक्ष विद्धान गुरुङसहितका नेताहरुले पनि सभापति देउवालाई भेटेर कुराकानी गरिसकेका छन्। सो अवसरमा टोलीलाई देउवाले खाँणको बारेमा धेरै चिन्ता नलिन आग्रह गरेका थिए। मिडिया र प्रहरीले एकपक्षीयरुपमा दोषी देखाएर प्रमाणित नहुने बताउँदै उनले बिनाप्रमाण लगाएका यस्ता आरोप गलत सावित हुने विश्वास दिलाएको सहभागी एक नेताले जानकारी दिए।

'तपाईंहरूलाई जस्तै चिन्ता मलाई पनि लागेको छ नि, केही मिडिया र प्रहरीले दोषी करार गरेर हुँदैन। विनाप्रमाण दोषी बनाउन मिल्दैन। बालकृष्ण खाँणको धेरै चिन्ता लिनुपर्दैन,' सहभागी एक नेताले देउवाको भनाइ उद्धृत गर्दै भने। बालकृष्ण खाणका विषयमा कुरा गर्न मंगलबार धुम्बाराहीमा विभिन्न प्रदेशबाट संस्थापन पक्षका नेताहरु गएको बताइएको छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा वैशाख २७ गते बिहान पूर्वगृहमन्त्री खाँण पक्राउ परेका थिए। उनलाई प्रहरीले चाबहिलको मैजुबहालस्थित निवासबाट पक्राउ गरेको हो। तत्कालीन गृहसचिव टेकनारायण पाण्डेले खाँणलाई गृहमन्त्रालयमै पुगेर एक करोड २४ लाख बुझाएको बयान दिएका छन्। पाण्डेलाई खाण आफैले गृहमा ल्याएका थिए।

## सम्पादकीय

# ठगिने स्थितिबाट मुक्त लुटविहीन संसार सम्भव छ

ठगहरूलाई चिन्न नसक्ने कमजोर चेतनास्तरबाट हामी किन माथि उठ्न सकिरहेका छैनौं ? ठगहरू राज्यको महत्वपूर्ण ठाउँमा पुग्ने प्रक्रिया अनि ठाउँमा पुगेका मान्छेलाई ठग बनाउने व्यवस्था हामीले किन चिन्न सकिरहेका छैनौं ? नक्कली भुटानी शरणार्थी प्रकरणको कारण यी प्रश्नहरूभित्र खोज्नुपर्छ ।

राज्य जनताको अभिभावक हुनुपर्छ । अभिभावकले मातहतका लागि इमानदार भएर काम गर्नुपर्छ । तर यो देशले कहिल्यै त्यस्तो अभिभावक पाएन । राजतन्त्र र राणाकालीन शासन व्यवस्थाले जनताको श्रम, सीप र देशको स्रोतसाधनमाथि चरम शोषण गर्‍यो ।

२०६३ सालपछि देशमा गणतन्त्र मान्ने दलहरूको हालीमुहाली छ । तर देश र जनतामाथि तिनको शोषण पनि कहीं कतै कम देखिंदैन । अभिभावक बन्नुपर्ने शासकहरूले जनतालाई शोषणको जाँतोमुनि चरम दुःख र निराशाले पिसिइरहे ।

**आफ्ना नागरिकलाई नक्कली शरणार्थी बनाएर राज्यविरूद्ध ठगी र मानव बेचबिखनको दुस्साहस गर्ने तत्कालीन उपप्रधानमन्त्री, गृहमन्त्री, राज्यका सचिव, सांसद लगायत जिम्मेवार मान्छेले नै प्रचण्ड सरकारका लागि यो ठाउँ बनाइदिएका छन्। राज्यको यति महत्वपूर्ण ठाउमा पुगेर देशविरूद्ध ठगी गर्नु सानोतिनो अपराध होइन।**

सधैंको दुःख र निराशाले कहिलेकाहीं स-साना र स्वाभाविक कुराहरूमा धेरै खुशी र उत्साह मिल्ने रहेछ । नक्कली भुटानी शरणार्थी प्रकरणमा अहिलेको प्रचण्ड सरकार र गृहमन्त्री नारायणकाजी श्रेष्ठको चौतर्फी वाहवाही यस्तै खुशी र उत्साह हो । यहाँनेर भ्रष्ट र घुसखोर अपराधीहरूलाई कारबाही गर्नु राज्यको कर्तव्य हो भन्ने नै हामीले बिर्सेका छौं ।

भ्रष्टाचार र घुसखोरी रोक्न र अझ देश र जनताको हितमा थुप्रै काम गर्न हामीले नै उनीहरूलाई विश्वास गरेर ठूलो सेवासुविधा र सम्मानसहित जिम्मेवारीमा पठाएका हौं । उनीहरू देश र जनताको हितमा जे जति काम गर्छन् त्यो दयामाया होइन, हाम्रो अधिकार हो । तर राज्यका त्यस्तै मान्छेले विगतमा अपराध गरेको हुनाले अहिलेको सरकारलाई वाहवाही पाउने ठाउँ मिलेको छ ।

आफ्ना नागरिकलाई नक्कली शरणार्थी बनाएर राज्यविरुद्ध ठगी र मानव बेचबिखनको दुस्साहस गर्ने तत्कालीन उपप्रधानमन्त्री, गृहमन्त्री, राज्यका सचिव, सांसद लगायत जिम्मेवार मान्छेले नै प्रचण्ड सरकारका लागि यो ठाउँ बनाइदिएका छन् । राज्यको यति महत्वपूर्ण ठाउँमा पुगेर देशविरुद्ध ठगी गर्नु सानोतिनो अपराध होइन ।

यस्ता अपराधीलाई कडा कारबाही हुनुपर्छ । तर नक्कली भुटानी शरणार्थी प्रकरणमा आरोपितलाई मात्र दोषी देख्नु अधुरो हुन्छ । देशमा बस्न कोही किन तयार छैन ? देश चरम गरिबी र बेरोजगारीको दलदलमा किन फसिरहेको छ ? नक्कली भुटानी शरणार्थी प्रकरणको एउटा कारण यी प्रश्नहरूको अन्तर्यमा छ ।

आजसम्मका राज्य संचालक र राज्य व्यवस्थाहरू इमानदार र उचित भइदिएको भए यो देश पनि विश्वका कुनै देशभन्दा पछाडि पर्नुपर्ने होइन । २३८ वर्षसम्म कथित राजाहरूको बेइमानी र ठगी, १०४ वर्षसम्म राणाहरूको ठगी, ३० वर्षसम्म पञ्चहरूको ठगी अनि अहिलेका संसदवादी नेताहरूका काण्डमाथि काण्ड, भ्रष्टाचार, घुसखोरी, कमिसनखोरी र ठगीले देश कंगाल हुनु पनि नक्कली शरणार्थी प्रकरणको कारण हो । यही कारणले जनता चरम गरिबी र बेरोजगारीमा छन् । देशमा बस्न कोही तयार छैन । पैसा तिरेर नक्कली शरणार्थी नै किन बन्न नपरोस्, मान्छेहरू देश छोड्न विवश छन् ।

टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, आङटावा शेर्पा, टेकनारायण पाण्डे, इन्द्रजित राई सँगसँगै देशलाई सदाबहार गरिबी दिने अनि जनतालाई अन्धविश्वासमा डुबाएर राख्ने आजसम्मका सबै राज्य व्यवस्था र राज्य संचालकहरू नक्कली भुटानी शरणार्थी प्रकरणका दोषी हुन् ।

त्यस्तै जनता ठगिने अवस्थाले पनि नक्कली शरणार्थी प्रकरणमा भूमिका खेलेको छ । मान्छेले आफ्नो शक्ति चिनिसके । विज्ञान, प्रविधि, ज्ञान, सीप लगायत मानव हितमा ठूल्ठूला चमत्कार गरिसके । तर हामी अझै लुटिने र ठगिने हालतमा किन पिछडिएका छौं ? त्यो पनि नक्कली शरणार्थी प्रकरणमा जस्तै राज्यका उच्चपदस्थ मान्छेहरूबाट ।

तिनीहरू लुकेर त्यो ठाउँमा पुगेका थिएनन्, आम जनताले नै विश्वास गरेर त्यहाँ पुर्‍याएका थिए । ठगहरूलाई चिन्न नसक्ने कमजोर चेतनास्तरबाट हामी किन माथि उठ्न सकिरहेका छैनौं ? ठगहरू राज्यको महत्वपूर्ण ठाउँमा पुग्ने प्रक्रिया अनि ठाउँमा पुगेका मान्छेलाई ठग बनाउने व्यवस्था हामीले किन चिन्न सकिरहेका छैनौं ? नक्कली भुटानी शरणार्थी प्रकरणको अर्को कारण यी प्रश्नहरूभित्र छ ।

कुरा उही हो, राज्य आफ्नो अभिभावकीय भूमिकाप्रति इमानदार भएन । हामी एकजनाले मुलुक आर्जेको इतिहास पढ्छौं । भगवानको पूजा गर्छौं । कसैले मीठो भाषामा देश बनाउने र सुख, समृद्धि दिने गफ गरिदिए हामी उसलाई नेता बनाइदिन्छौं । यो तरिकाले हामी अमूक मान्छेको भरमा बाँच्नुपर्ने हालतमा फस्छौं । हाम्रो यही हालतको फाइदा उठाउँदै बेइमानहरू हामीमाथि शासन गर्छन् ।

हामी ठगिने स्थिति यही बन्छ । यो स्थितिबाट पार पाउन आवश्यक शिक्षा र तालिम हामीले कहिल्यै पाएनौं । जहिल्यै हामीलाई रैती र अन्धविश्वासी बनाउन खोजियो । हामीलाई आफ्नो क्षमता बुझ्ने र त्यसको विकास गर्ने अवसर कहिल्यै दिइएन । इतिहासका यस्तैयस्तै भुलहरूले हामीलाई ठग्यो । हामीलाई ठगेर नै ठगहरू राज्यका महत्त्वपूर्ण स्थानमा पुगे। विशेष ठगी बाहेकका ठगीहरू हामी चिन्न नसक्ने नै भयौं । मानव श्रमसीप भन्दा पैसा माथि हुने प्रणाली पनि नक्कली शरणार्थी प्रकरणको दोषी हो । पैसा प्रधान प्रणालीले मान्छेहरू जसरी पनि पैसा थुपार्ने ध्याउन्नमा लागे । पैसाले सबथोक किन्न पाइने भएपछि मान्छेहरू आमालाई ठगेर, देशलाई लुटेर भए पनि पैसा कमाउन थाले । नेताहरूको चुनावी हारजित पनि पैसाकै शक्तिमा निर्भर हुनथाल्यो ।

वडा अध्यक्ष जित्न करोडभन्दा बढी पैसा आवश्यक पर्न थाल्यो। देशमा आम्दानीले मात्रै त्यत्रो पैसा थुपार्न मुस्किल छ । अनि त चुनाव जितेर नेता हुने र नेता हुन चाहनेहरू आफ्नो जिम्मेवारी भुलेर ठगीमा लाग्ने सम्भावना भयो । त्यस्तै नेताहरूका भ्रष्टाचार र घुसखोरीका थुप्रै प्रकरणबाट अहिले नक्कली भुटानी शरणार्थी प्रकरण मात्रै सतहमा आएको हो ।

टोपबहादुर रायमाझी, बालकृष्ण खाँण, आङटावा शेर्पा, टेकनारायण पाण्डे, इन्द्रजित राई सँगसँगै देशलाई सदाबहार गरिबी दिने अनि जनतालाई अन्धविश्वासमा डुबाएर राख्ने आजसम्मका सबै राज्य व्यवस्था र राज्य संचालकहरू नक्कली भुटानी शरणार्थी प्रकरणका दोषी हुन् । पैसा र पूँजी सर्वेसर्वा हुने प्रणालीलाई आत्मसात् गरेर हैकम चलाइरहेका मान्छेहरू पनि नक्कली शरणार्थी प्रकरणमा दोषी छन् । दोषीहरूलाई कठघरामा उभ्याएर इतिहासको पुनर्निर्माण गरिए मात्रै हाम्रा लागि ठगिने स्थितिबाट मुक्त लुटविहीन संसार सम्भव छ । यसबाट जनस्तर बाटै सजगता अप्नाउनुपर्ने अवस्था आइसकेको छ ।

# सहकारी अभियान कसरी प्रभावकारी बनाउने ?

**रामचन्द्र उप्रेती**

आर्थिक मन्दी र आर्थिक अराजकताको परिणामस्वरूप लगानीयोग्य रकमको अभाव पहिलो प्रभाव भएको छ । यसको लपेटामा बैंकहरू समेत परेकाले बैंकका ग्राहक एवम् सर्वसाधारणले सजिलै कर्जा पाउने अवस्था छैन ।

लघुवित्त सञ्चालकहरूले अधिक लाभका लागि आक्रामक नीति लिंदा एउटै व्यक्तिमा पाँच-दश वटा लघुवित्तले लगानी गर्दा ऋणी सदस्य जोखिममा परे । व्यक्तिको पहिचान, क्षमता नहेरी लगानी गर्दाको परिणाम थियो यो । यसले अन्ततोगत्वा असर संस्था र ऋणी दुवैलाई गर्‍यो । लघुवित्तले गरेका सबै राम्रा काम ओझेलमा पार्ने गरी लघुवित्तको दुष्प्रचार भएको छ ।

सहकारी क्षेत्र यो बेला चर्चाको शिखरमा छ । बैंकबाट ऋण नपाएर पीडित भए, लघुवित्तबाट ऋण लिएर पीडित भए भन्ने भाष्य आम प्रचारमा छ भने सहकारीमा बचत गर्ने पीडित बनेका छन् । अहिले सहकारीको कार्यालय, सहकारीको बोर्ड, सहकारीमा सञ्चालक देखेर मुर्मुरिने कति होलान् ? यसलाई अहिलेसम्म त बेवास्ता गर्दा नै चलेको छ ।

त्यसैगरी सहकारीका कर्मचारी, सहकारीको ऋण लिएर लामो समय नतिर्ने ऋणीले धेरै असजिलो महसुस गर्नु परेको छैन । अहिले सञ्चालकहरू केही दबाबमा छन् । तर धेरै सहकारीमा समस्या भएकाले सञ्चालकहरू पनि मेरो वा हाम्रोमा मात्रै हो र ? गर्दैछौं, हतार नगर्नु भनेर पन्छिन अलि सजिलो नै भएको होला । केही समय यसरी पनि चल्छ । तर सधैं यसरी चल्छ भन्ने छैन ।

अहिले सहकारीमा पैसा बचत गर्ने धेरै मानिस समस्यामा छन् । समस्यामा परेकाहरू 'पर्ख र हेर'को अवस्थामा छन् । यसको अर्थ सबै सहकारी समस्यामा छन् भन्ने हुँदै होइन । चलायमान भएका सहकारीमध्ये करिब पाँचदेखि दश प्रतिशत सहकारीमा समस्या भएको अनुमान छ । यसमा पनि शहरकेन्द्रित सहकारी, सुशासनमा नचलेका सहकारी, गलत सोच भएका मानिस हाबी भएका सहकारी धेरै समस्यामा छन् ।

समुदायमा भएका, सदस्य केन्द्रित, सुशासनमा चलेका, अझ ग्रामीण क्षेत्रमा चलेका सहकारीमा कुनै समस्या देखिंदैन । शहर केन्द्रित भएर पनि सदस्यलाई नै वास्तविक मालिक बनाउने, सदस्यको सेवामा समर्पित, पारदर्शी र सुशासनमा भएका सहकारी पनि समस्यामा छैनन् मात्रै होइन आफ्ना सदस्यको आशा र भरोसाको केन्द्र बन्दै गएका छन् । सहकारीले यो अप्ठ्यारो अवस्थामा अझै सदस्यको मन जितेर संस्था भावनात्मक र आर्थिक रूपमा नै सबल बनेको अवस्था छ ।

सहकारीमा समस्या कसरी हुर्कियो भन्दा यसका धेरै कारण होलान् । अझ फरक-फरक सहकारीका आ-आफ्नै कथा होलान् । मुख्य रूपमा भन्दा संस्थाका सञ्चालकको स्वार्थ, नियामक निकायको बेवास्ता र स्वार्थ, संस्थाकै कर्मचारीको धुर्त्याइँ वा लापरवाही, सहकारी नेताहरूको ढाकछोप मुख्य कारण हुन् ।

अहिले कोही पनि आफ्नो कमजोरी स्वीकार्न र सुधार्न तयार देखिंदैनन् बरु आर्थिक मन्दीको बहानामा आफ्नो कमजोरी छोपेर उम्कने बहाना गर्छन् । सहकारी क्षेत्रमा अहिले सतहमा आएका र आउन बाँकी समस्याको प्रभावको बारेमा सधैं नजरअन्दाज गरेर बस्नु मूर्खता हुनेछ भन्ने बुझाइ हो ।

सहकारीलाई बैंक ठान्ने सञ्चालक र बचतकर्ता दुवै आजको समस्याका कारक हुन् । यो समस्या दोहोरिन नदिन सञ्चालक र यस्ता बचतकर्तामा भएको भ्रमको अन्त्य हुनुपर्छ । सबै सहकारी उस्तै हुन् । सहकारी र बैंक उस्तै उस्तै हुन् भन्ने भ्रमको अन्त्य नहुने हो भने भविष्यमा पनि यस्ता समस्या निरन्तर आइरहने गर्छन् । त्यसैले सहकारीलाई सहकारी जस्तो बुझ्ने र बुझाउने अभियान जरूरी छ ।

सहकारीलाई बैंक ठान्ने सञ्चालकले सहकारीमा जम्मा भएको पैसा मनमौजी परिचालन गरे । सहकारीलाई पनि बैंक ठान्ने बचतकर्ताले ब्याजको प्रतिशत मात्रै हेरे र लोभमा परे । सहकारीमा बैंकको जस्तो नियामक निकायले कसिलो गरी हेरेको हुँदैन, हेर्ने क्षमता राख्दैन । त्यो अनुरुपको जनशक्ति सहकारीका नियामक निकायमा छैनन्, भएकाले पनि हेर्दैनन् । हेरिहालेछन् भने पनि देखेर पनि देख्दैनन् ।

सहकारीमा सरकारको कसिलो नजर हुनुपर्छ । यसका सबै बेथितिमा सरकारले डण्डा चलाउनुपर्छ । हामी बिग्रिसक्यौं । सरकारले किन नहेरेको भनेर चिच्याउनु सहकारी नबुझ्नु हो । सहकारी समुदायले नियन्त्रण गर्ने हो, सदस्यले नियन्त्रण गर्ने हो । सञ्चालन र नियन्त्रण विधि सहकारीमा अन्तर्निहित हुन्छ । यस्तो विधिको उचित प्रयोग गर्नुपर्छ ।

देशमा अहिले सहकारी अभियानको जुन अवस्था छ यो जस्ताको त्यस्तै लामो समय रहनुहुँदैन । सबै सहकारी राम्रा छन्, सहकारीले गल्ती गर्दैन, सहकारीले जे पनि गर्न पाउनुपर्छ, सहकारीको विरोध गर्नुहुँदैन, सहकारीले राम्रो मात्रै गरेका छन् आदि भनेर सहकारीको अतिरञ्जित बचाउ गर्ने र सहकारीलाई समुदाय र सदस्यको माझमा पारदर्शी नबनाउने छुट दिनु भनेको सहकारीको लागि राम्रोभन्दा नराम्रो गरेको अवस्था हो ।

यो काममा सहकारीका नेता नै धेरै लागेका छन् । यसको कारण पनि छ । किनकि कतिपय नेताका सहकारीमा नै यो समस्या छ । नेताले आफ्ना सहकारीको बचाउका लागि पनि यस्तो हर्कत गरेको पाइन्छ । यी र यस्ता सामान्य लाग्ने कुराले पनि सहकारीलाई सुशासनमा हिंड्न बाधा पारेको अवस्था छ ।

राम्रो काम गरिरहेका, सदस्यको आवश्यकता, समुदायको आवश्यकता, सुशासन, सन्तुलन सबैमा अब्बल रूपमा काम गरिरहेका सहकारी गाउँ-गाउँमा धेरै छन् । यस्ता सुशासनमा चलेको सहकारी शहरमा पनि कम छैनन् । सदस्यको मन र मत जितेका सहकारीमा कुनै समस्या छैन । चुपचाप आफ्नो काम गरिरहेका छन् ।

आर्थिक मन्दीको प्रभावले गर्दा सदस्यले नियमित रूपमा कर्जा बुझाउन समस्या भएका र कर्जा असुलीमा केही शिथिलता आएको, बचत संकलन घटेको जस्ता कारणले केही अलि अप्ठ्यारो महसुस गरिरहेका सहकारीहरू पनि छन् । यस्ता सहकारीहरूले अलिकति आफूलाई समय अनुसार चल्न होशियारी अपनाए पुग्छ ।

झापामा सहकारीको यस्तो ध्रुवीकरणको सुरुवात भएको छ । आवश्यक ठानेमा देशले नै यस्तो ध्रुवीकरणको अभ्यास गरेर सहकारीको असल अभ्यासलाई अगाडि बढाउन सकिन्छ । सुरुवात जिल्ला-जिल्ला र पालिका-पालिकाबाट गर्नुपर्छ ।

कार्यालय सधैं खुला गर्ने, सदस्यलाई सकेसम्म घरैमा भेटेर अवस्था बुझ्ने, नियमित सम्पर्क गर्ने, बचत गर्न प्रेरित गर्ने, कर्जाको किस्ता जति सम्भव छ तिर्न अनुरोध गर्ने । यति गर्दा नै समस्या साँघुरो पार्दै जान सकिन्छ । तर, कार्यालय बन्द गरेर, फोन स्विचअफ गरेर र भागेर समस्या समाधान हुँदैन । मानिस बस्ने समाजमा नै हो । आजको मान्छे कोही पनि सधैं भाग्न र लुक्न सम्भव छैन ।

हिजो नजानेर, नबुझेर, बहकाउमा वा उक्साहटमा लागेर गल्ती नै गरियो भने पनि त्यसलाई सच्याउन सकिन्छ । तर एकपछि अर्को झुट बोलेर, फेरि ढाँटेर-ठगेर विश्वास जित्न सकिंदैन । सहकारीमा यस प्रकारका ठालु समस्या पनि छन् ।

मेरो बुझाइमा अहिले देशमा चार प्रकारका सहकारी छन् ।

(१) सानो समुदायमा आधारित भएर सानै क्षेत्रमा सदस्यकेन्द्रित भएका सहकारी जुन आफ्नो क्षेत्रमा आएको सजिलो अप्ठ्यारो झेल्दै सहज तरिकाले चलिरहेका छन्, यस्ता सहकारीमा कुनै समस्या छैन । अलिअलि व्यवस्थापकीय समस्या हुन सक्छन्, ती सुधार गर्न सकिन्छ ।

(२) अलि ठूलो क्षेत्रमा काम गरेका, अलि धेरै सदस्यका माझ पुगेका, कारोबारको सीमा बढाउँदै लगेका, प्रविधि र जनशक्तिमा अब्बल बन्दै गएका, सुशासन कायम गर्न सफल, सदस्यको मन जित्न सकेका, पारदर्शी र सुशासनमा चलेका सहकारी संस्था । यस्ता सहकारीमा पनि समस्या छैन । तर जोखिमको सम्भावना सधैं रहने हुनाले चनाखो हुन जरूरी छ ।

(३) सहकारीलाई आफ्नो बैंक ठान्ने र अरूलाई बैंक भएको भ्रम दिने गरेका, एकभन्दा बढी सहकारीमा सञ्चालक नै भएर बसेका, मन मिल्ने, उद्देश्य मिल्ने तर सहकारीका लागि सहकारी होइन पैसा कमाउने उद्देश्यले सहकारी खोल्ने गरेकाहरूले सहकारीमा जम्मा भएको पैसा आफ्नो व्यवसायमा लगानी गरेका, आफ्नो संलग्नता भएका अरू सहकारीमा बचतको रूपमा राख्ने गरेकाहरू समस्यामा छन् ।

त्यसैगरी मनलाग्दी घरजग्गामा लगानी गरेका, नेता र नियामक निकायलाई खुसी पार्दै 'धन्दा'को रूपमा सहकारी चलाएका, न सुशासन न पारदर्शिता यस्ता संस्थाको चरित्र छ । हो, यस्ता सहकारी धेरै नै शहरमा केन्द्रित छन् । पैसाको बलमा होला सायद यस्ता संस्थाले फट्के कार्यक्षेत्र (सिमाना नजोडिएको टाढाको शहर-बजारको) पाएको देखिन्छ । यस्ता सहकारी नै मूलतः अहिले ठूलो समस्यामा छन् ।

(४) सानादेखि ठूलासम्म सबै आकारप्रकारका सहकारी तर सीमित मानिसको हालीमुहाली चलेको । यस्ता सहकारी परबाट हेर्दा सबै दुरुस्त देखिन्छ तर सानो टिमले मात्रै यस्ता संस्था चलाएका छन् । हुनलाई यस्ता संस्थामा समिति, उपसमिति, कर्मचारी, विभाग, फाँट सबै हुन्छ । तर सीमित व्यक्ति जसको संस्थामा नियन्त्रण छ, उनीहरूको इच्छा बेगर सहकारीमा कुनै काम हुँदैन । यस्ता संस्थामा तत्काललाई खासै समस्या नभए पनि भविष्यमा जोखिम बढ्न सक्ने भएकाले निर्णय प्रक्रियामा धेरैको जानकारी र सहभागिता गराउनु जोखिम कम गर्नु र सहकारीलाई सहकारी जस्तो बनाउनु हो । त्यसैले तत्कालै कुनै समस्या नहुँदैमा पनि सुधारको खाँचो देखिन्छ ।

सहकारीको विकासका लागि देशमा ध्रुवीकरणको आवश्यकता महसुस हुन थालेको छ । अहिले देशमा धेरै मानिसको नजरमा सहकारीलाई एकै नजरले हेर्ने बानी परेको छ । जो सहकारीबाट पीडित बने उनीहरूको नजरमा सहकारी तत्काल खारेज गर्नुपर्छ । सहकारीका सञ्चालकलाई पक्रेर जेल हाल्नुपर्छ भन्ने आक्रोश छ । जसले सहकारीबाट नियमित कारोबार गरिरहेका छन् । आर्थिक सामाजिक रूपमा आफैं संलग्न भएर फाइदा लिएका छन् र कुनै समस्या व्यहोरेका छैनन्, उनीहरूका लागि सहकारी जीवनको अपरिहार्य आवश्यकता हो भन्ने परेको छ ।

त्यसैले, देशमा सहकारीको ध्रुवीकरणको आवश्यकता छ । अहिले त राम्रा र नराम्रा, सुशासनमा चलेका र नचलेका, सदस्यको सेवामा समर्पित र सदस्यलाई कुनै जानकारी नै नदिई सदस्यको पैसामा रजाइँ गर्ने, ठीक र बेठीक, असल र खराब सबै एकै हुन् भन्ने भ्रम आम मानिसमा पर्न थालेको छ ।

झापामा सहकारीको यस्तो ध्रुवीकरणको सुरुवात भएको छ । आवश्यक ठानेमा देशले नै यस्तो ध्रुवीकरणको अभ्यास गरेर सहकारीको असल अभ्यासलाई अगाडि बढाउन सकिन्छ । सुरुवात जिल्ला-जिल्ला र पालिका-पालिकाबाट गर्नुपर्छ ।

# धूम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग बढ्दै

काठमाडौं । सार्वजनिक स्थलहरूमा धूम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन गर्न निषेध गरिएको भए पनि कानुनलाई चुनौती दिँदै त्यस्ता पदार्थको सेवन गर्ने क्रम बढेको छ । कानुनलाई बेवास्ता गर्दै धूम्रपान तथा सुर्तीजन्य पदार्थको निष्फिक्री प्रयोग भइरहेको हो ।

सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन ऐन, २०६८ ले सार्वजनिक स्थलहरूमा सुर्तीजन्य पदार्थको सेवन गर्न निषेध गरेको छ । तथापि, सार्वजनिक स्थलहरूमा सुर्तीजन्य पदार्थको निर्वाध प्रयोग हुँदै आएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले कानुनमा भएको प्रावधानअनुसार कसैले पनि सार्वजनिक स्थलहरूमा धूम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग गर्न नपाउने बताउनुभयो । उहाँले कानुनमा भएको व्यवस्थालाई पालना गराइने प्रतिबद्धता व्यक्त गर्दै सार्वजनिक स्थलमा धूम्रपान र सुर्तीसेवन रोक्न सुरक्षा निकायमार्फत नियमित निगरानी बढाइने जानकारी दिनुभयो ।

सुर्तीजन्य पदार्थको नियन्त्रणसम्बन्धी ऐनको दफा ४ र ५ मा कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन गर्न नपाउने उल्लेख छ । सार्वजनिक स्थल भन्नाले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय, शिक्षण संस्था, सार्वजनिक यातायात र प्रतीक्षालय, सार्वजनिक शौचालय आदि मानिने छ । यदि, कसैले सार्वजनिक स्थलमा धूम्रपान गरेको खण्डमा उक्त व्यक्तिलाई सय रुपियाँ जरिवाना गरिनुका साथै उक्त स्थानबाट निकाला गरिने कानुनी व्यवस्था रहेको छ ।

त्यस्तै, दफा ११ मा १८ वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्रीवितरण गर्न वा गर्न लगाउन पाइने छैन । शैक्षिक संस्था, अस्पताल र सरकारले तोकेको सार्वजनिक स्थान परिसरबाट सय मिटर टाढा अनुमतिपत्र वा इजाजतपत्र प्राप्त पसलबाट मात्र सुर्तीजन्य पदार्थको बिक्रीवितरण गर्न पाइनेछ । कसैले पनि निःशुल्क सुर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन । साथै फुटकर रूपमा चुरोटका खिल्ली बिक्री गर्न नपाउने गरी रोक लगाउन सकिने व्यवस्थासमेत कानुनमा गरिएको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी उपाध्यायले कानुनमा भएका उल्लेखित सबै प्रावधानको कार्यान्वयन भए नभएको बारेमा प्रभावकारी अनुगमन गरिने बताउनुभयो ।

पाँच वर्षअघि नै मन्त्रिपरिषद्ले सहायक प्रमुख जिल्ला अधिकारी वा प्रमुख प्रशासकीय अधिकृतलाई आफ्नो जिल्लामा सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन ऐन, २०६८ उल्लंघन भए नभएको निरीक्षण गर्ने अधिकारी तोकेको छ । साथै प्रमुख जिल्ला अधिकारीलाई सुर्तीजन्य पदार्थसम्बन्धी मुद्दाको सुनुवाइ र निर्णय गर्ने कानुनी अधिकार पनि दिइएको छ । निरीक्षक अधिकारीलाई सार्वजनिक स्थलमा धूम्रपान वा बेचबिखन गरे नगरेको निरीक्षण गर्ने, सुर्तीजन्य पदार्थको उत्पादकले ऐनअनुसारका दायित्वहरू पूरा गरेको छ/छैन समेत जाँच्ने अधिकार रहेको छ ।

प्रमुख जिल्ला अधिकारी उपाध्यायले धूम्रपान र सुर्तीजन्य पदार्थको प्रयोग नियन्त्रण गर्न विशेष खालका योजनाहरूसमेत ल्याइने तयारी गरिएको जानकारी दिँदै भन्नुभयो- 'सार्वजनिक स्थल र विद्यालय वरपर कानुनी व्यवस्थाअनुसार धूम्रपान तथा सुर्तीजन्य पदार्थको बिक्रीवितरणमा पूर्ण रूपमा रोक लगाइने छ ।'

एक अध्ययनअनुसार नेपालमा सुर्तीजन्य पदार्थको सेवनबाट वार्षिक २७ हजार १ सय ३७ जनाको ज्यान जाने गरेको छ । यो कुल मृत्युको १४ दशमलव ९ प्रतिशत हो । त्यस्तै, सुर्तीजन्य पदार्थका कारण विश्वमा वार्षिक ८० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ भने धूम्रपान गर्नेसँगै बस्ने १२ लाखको मृत्यु पनि धूमपानकै कारण हुने छ ।

सन् २०३० सम्ममा ६ जनामध्ये एक जनाको मृत्यु सुर्तीजन्य पदार्थ सेवनको कारण हुन सक्ने अनुमान गरिएको छ । मानिसलाई लाग्ने मुटुरोगको २८ प्रतिशत कारक पनि धूम्रपान नै देखिएको छ । चुरोट र सुर्तीमा ४ हजार ८ सयभन्दा बढी विषालु रासायनिक तत्वहरू रहेको वैज्ञानिक अनुसन्धानबाट पुष्टि भएको छ ।

सुर्तीजन्य पदार्थको सेवनबाट हुने क्यान्सरमा १५० प्रतिशतले वृद्धि भएको छ भने सोही क्यान्सरका कारण हुने मृत्यु सन् २०१४ को तुलनामा सन् २०१८ मा ३५ प्रतिशतले बढेको छ ।

नेपालले सन् २००३ मा विश्व स्वास्थ्य संगठनको सुर्तीजन्य पदार्थको नियन्त्रणसम्बन्धी सन्धिमा हस्ताक्षर गरेको थियो भने सन् २००६ मा उक्त सन्धिलाई अनुमोदन गरेको थियो ।

ऐनको दफा ४ मा सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन गर्न नपाइने भनिए पनि सार्वजनिक यातायातका साधन र अस्पतालबाहेकका क्षेत्रमा नियन्त्रण हुन सकेको छैन । सोही ऐनको दफा ११ मा १८ वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्रीवितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन भनिए पनि नियन्त्रण भएको छैन । ऐनको दफा ३ मा विद्यालय, स्वास्थ्य संस्थालगायत सार्वजनिक स्थानमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्रीवितरण गर्न गराउन नपाउने उल्लेख गरिए पनि सोको पनि पालना भएको पाइएको छैन । अस्पताल, विद्यालय, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागकै प्रवेशद्वारमा खुला रूपमा सुर्तीजन्य पदार्थको बिक्रीवितरण, सेवन भइरहेको सरोकारवालाले बताएका छन् ।

उत्पादकले कम्तीमा २० खिल्ली अटाउने प्याकेट वा बट्टा तयार गर्नुपर्ने कानुनी व्यवस्था छ । तर केही उत्पादक कम्पनीले १० खिल्ली भएको बट्टा पनि उत्पादन गरी बेचिरहेका छन् भने व्यापारीले एक दुई खिल्ली पनि खुलेआम बेचेका छन् यसको अनुगमन हुन सकेको छैन । सरकारले सुर्तीजन्य पदार्थको नियन्त्रणका लागि स्वास्थ्य, गृह, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, र उद्योग मन्त्रालयबीच समन्वय नभएकै कारण सुर्तीजन्य पदार्थ नियन्त्रण हुन नसकेको एक्सन नेपालका अध्यक्ष आनन्दबहादुर चन्दले बताउनुभयो ।

# प्रणालीले नै जन्माइरहेको त छैन भ्रष्टाचारी ?

**काजी गुरुङ**

पछिल्लो समयको एउटा चर्चित विषय हो, नक्कली भुटानी शरणार्थी प्रकरण । महत्वाकांक्षी ८७५ जना नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै करोडौं रकम असुल्ने राजनीतिक तथा गैरराजनीतिक गिरोहको लुटखसोट धन्दा बाहिरिएसँगै यो प्रकरणले सञ्चारमाध्यममा प्राथमिकता पाएको छ । र, आम चासोको विषय बन्न पुगेको छ । किनभने सरकारका बहालवाला सचिव, पूर्वगृहमन्त्री, गृहमन्त्रीका सुरक्षाविज्ञदेखि पूर्व उपप्रधानमन्त्री तथा वर्तमान सांसदसम्म यो घटनामा मुछिएका छन् । अनुसन्धानलाई स्वतन्त्र रुपमा अघि बढाउने वातावरण बन्ने अवस्थामा अझ धेरै राजनीतिक तथा प्रशासनिक नेतृत्वहरु तानिनेमा अब कुनै शङ्का छैन ।

उसो त नेपालको सन्दर्भमा यो नै प्रथम काण्ड भने होइन । योभन्दा अगाडि सुडान घोटाला काण्ड, वाइड बडी काण्ड, एनसेल काण्ड, सेक्युरिटी प्रिन्टिङ प्रेस काण्ड, बालुवाटार काण्ड, ओम्नी काण्ड, ३२ किलो सुन काण्डलगायतका थुप्रै काण्डहरु चर्चामा रहेका थिए । ती काण्डहरुमा राजनीतिक नेतृत्वहरु पनि मुछिएकै थिए । तर, अनुसन्धानका क्रममा सरकारले कस्तो प्रतिवेदन तयार गऱ्यो र कसलाई कारबाही भयो र कसलाई सफाइ भयो भन्ने कुरा जसरी चर्चाका साथ विषयलाई उठान गरिएको थियो । त्यसरी नै आम जनताले थाहा पाउने गरी बैठान गरिएको भने थाहा पाइएन ।

पार्टी नेतृत्वहरु परिवारको र सचिवालयको घेरामा पर्दा, विभिन्न प्रकृतिका ठूल्ठूला स्वार्थ समूहको दबाबमा रहँदा यस्ता अपारदर्शी गतिविधिहरु हुने गरेको सामान्य बुझाइरहेको छ । केही हदसम्म यो तर्कलाई पनि मान्न सकिएला । तर, परिवार र सचिवालयको कारणले मात्र राजनीतिक तथा प्रशासनिक नेतृत्वलाई प्रभावित बनाउने कुरा सत्य हुन सक्दैन । नीतिगत रुपमा नै हुने घोटालाहरुमा परिवारका सदस्य र सचिवालयले गर्न सक्ने अवस्था नै रहँदैन । उच्चपदस्थ कर्मचारीहरु अथवा अख्तियारप्राप्त व्यक्तिहरुले नीति निर्माणमा प्रभाव पार्न सक्ने हुँदा यस्ता ठूल्ठूला घोटालाहरु राजनीतिक संरक्षणविना असम्भव हुन्छ ।

नीतिगत रुपमा नै हुने घोटालाहरुमा परिवारका सदस्य र सचिवालयले गर्न सक्ने अवस्था नै रहँदैन । उच्चपदस्थ कर्मचारीहरु अथवा अख्तियारप्राप्त व्यक्तिहरुले नीति निर्माणमा प्रभाव पार्न सक्ने हुँदा यस्ता ठूल्ठूला घोटालाहरु राजनीतिक संरक्षणविना असम्भव हुन्छ ।

भुटानी शरणार्थी समस्याको स्थायी समाधान गर्ने भन्दै बनाइएको कार्यदलमार्फत नै यी ८७५ जना नेपाली अमेरिका छिरेको भए त कुनै विषय बाहिर आउने नै थिएन रहेछ । तर, राजनीतिक र प्रशासनिक व्यक्तिहरुले पचासौं लाख रकम त बुझिहाल्ने थियो । यसरी हेर्दा कार्यदल पनि बनेको र मान्छे पनि अमेरिका पुगेको हुन्थ्यो । तर, नक्कली भुटानी शरणार्थी पुगेको र उच्चपदस्थ व्यक्तिसहितको गिरोहले अर्बौं पैसा कुम्ल्याएको भने जनताले पत्तै पाउने थिएनन् । तसर्थ के भन्न सकिन्छ भने योभन्दा अगाडि अमेरिका पुग्नेहरु पनि सबै सक्कली भुटानी शरणार्थी हुनेमा शङ्का देखिन्छ । यो प्रकरण सतहमा नआएको भए पनि नीतिगत भ्रष्टाचार त हुने नै रहेछ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले २०२२ मा प्रकाशित गरेको प्रतिवेदनमा नेपाल ३४ अङ्कसहित १८० देशमध्ये ११० औं स्थानमा रहेको छ । जुन सुशासनको दृष्टिबाट निकै पछाडि हो । दक्षिण एसियामा समेत नेपाल धेरै भ्रष्टाचार हुने देशमा पर्छ । नेपाल वीरहरुको देशबाट विस्तारै भ्रष्टाचारीहरुको देश भनेर चिनिँदै गएको छ । सरकार र राज्यप्रति आमविश्वास गुमेको अवस्था छ । नेता र कर्मचारीलाई देख्दा नागरिकमा सम्मानको भावना पैदा हुन छाडिसकेको छ । यो राजनीतिक नेतृत्व र राज्यको लागि सकारात्मक विषय होइन र निराशाजनक अवस्था हो ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा सक्कली उच्चपदस्थहरुको संलग्नता देखिएपछि अन्तर्राष्ट्रिय समुदायमा हाम्रो विश्वासमाथि प्रश्न उठ्ने कुरा एकातिर स्वाभाविकै देखिन्छ भने अर्कोतिर अमेरिका जान पाएपछि शरणार्थी बन्न पनि लाखौं रुपैयाँ तिर्न तयारहरुको मनस्थितिले राज्य व्यवस्थाको दर्दनाक चित्रण गरेको छ । राजनीतिक संरक्षणमा हुने यस्ता गतिविधिहरुले राजनीतिक पार्टीहरु नै फोहारी राजनीतिको कारखाना बन्ने खतरा पैदा भएको छ । यस्ता वर्तमान राजनीतिक क्रियाकलापले राजनीतिको स्थापित मूल्य, मान्यता र सिद्धान्तहरुलाई क्षयीकरण गर्न मद्दत गरिराखेको छ ।

सरकार र सत्तामा पात्रहरु फेरिरहन्छन्, पार्टीहरु फेरिरहन्छन् र काण्डहरु पनि दोहोरिरहन्छन् । नयाँ व्यक्ति आए पनि पुरानै गलत धन्दाहरु पुनरावृत्ति भइरहन्छ । यहाँ भ्रष्टाचारसँग सम्बन्धित रहेर कार्य गर्ने अख्तियार प्राप्त संवैधानिक अंगहरु नभएका पनि होइनन् । तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निकायहरुले अनियमिततालाई नियन्त्रण गर्न सकेको छैन । किनभने नियन्त्रण गर्न नसक्नुको कारण छ । ती संवैधानिक अंगहरुमा राजनीतिक भागबन्डाबाट आएका वफादार कार्यकर्ताहरु छन् । तिनले आफ्नो जिम्मेवारी पूरा गर्नतिर होइन कि नूनको सोझो गर्नतिर लाग्नुपर्ने बाध्यता छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले २०२२ मा प्रकाशित गरेको प्रतिवेदनमा नेपाल ३४ अङ्कसहित १८० देशमध्ये ११० औं स्थानमा रहेको छ । जुन सुशासनको दृष्टिबाट निकै पछाडि हो । दक्षिण एसियामा समेत नेपाल धेरै भ्रष्टाचार हुने देशमा पर्छ । नेपाल वीरहरुको देशबाट विस्तारै भ्रष्टाचारीहरुको देश भनेर चिनिँदै गएको छ ।

मान्छे जन्मिने बित्तिकै भ्रष्टाचारी हुँदैन । तर, मान्छेलाई जबरजस्त भ्रष्टाचारी बनाउने वातावरण वर्तमान राजनीतिक प्रणाली, संरचना, संस्कृति र मूल्यहीन आडम्बरी आदर्शले गरिरहेको छ । होइन भने बारम्बार यस्ता प्रवृत्तिहरुको पुनरावृत्ति नहुनु पर्ने हो । अहिले गाउँगाउँमा सिंहदरबार पुगेको भनिएको छ । पुग्न त स्थानीय तहहरुमा धेरै अधिकार पुगेको सत्य हो र यो पनि सत्य हो कि सिंहदरबारको फोहोर गाउँगाउँमा पनि पुगेको छ । अनियमितता र बेरुजुको समस्याले स्थानीय सरकारहरु ग्रस्त भइरहेका छन् ।

अनियमितता र भ्रष्टाचार आज एउटा संस्कार जस्तो बन्न पुगेको छ । स्रोत नखुलेका सम्पत्तिहरु कहाँबाट आयो भनेर समाजले प्रश्न गर्ने आँट गर्न नसक्ने, पैसा भएको मान्छेको नै मान प्रतिष्ठा भएको जस्तो भ्रम हुने, श्रममा बाँच्ने इमानदार व्यक्तिहरुलाई गुमनाम बनाउने, जीवनको सफलता र असफलतालाई पैसामा लगेर मूल्याङ्कन गर्ने जस्ता परिपाटीले पैसा र सम्पत्तिबाहेक सबै भ्रम हो भन्ने मूल्यको निर्माण गर्न खोजिँदैछ । जुन कुरा नेपाली समाजको लागि अभिशाप बनेको छ । राज्यको शक्तिशाली निकायमा मात्र भ्रष्टाचार होइन, अहिले जनताको घरघरमा यसको प्रभाव एक संस्कारको रुपमा विकास हुन पुगेको छ । एउटा चार-पाँच वर्षको बालकले एक लिटर दूध किन्न पठायो भने दश-बीस रुपैयाँको अनिवार्य आफूलाई मनपरेको चीज खाइहाल्छ । जसलाई हामी एउटा सामान्य प्रक्रियाको रुपमा स्वीकार गर्छौं । हामीले घरैबाट भ्रष्टाचार सिकिरहेका हुन्छौं अथवा सिकाइरहेका हुन्छौं ।

अर्को विषय हामीले अभ्यास गरेको लोकतान्त्रिक गणतन्त्र आवधिक र खर्चिलो निर्वाचन प्रणालीसँग सम्बन्धित छ । लोकतन्त्रमा सरकार र राजनीतिक पार्टीको वैधता आवधिक निर्वाचनमार्फत हुन्छ भन्ने मान्यताअनुसार प्रतिस्पर्धा अथवा निर्वाचनबाहेक अरु गौण हुन् भने जसरी एउटा निर्वाचनदेखि अर्को निर्वाचनसम्मको प्रक्रियामा मात्र सीमित रहँदा भ्रष्टाचारका विषयहरु अगाडि आइरहेका छन् । अत्यधिक खर्चिलो निर्वाचन प्रणालीको कारण स्थानीय निकायको वडा, पालिका, महानगर हुँदै प्रदेश र संघको माननीय हुन आइपुग्दासम्म दशौं लाखदेखि बीसौं करोडसम्म खर्च हुने परिस्थितिको कारण पनि नसोचेका व्यक्तिहरु अख्तियार दुरुपयोग गरी कालो धन जम्मा गर्न उद्यत देखिन्छन् ।

अहिले गाउँगाउँमा सिंहदरबार पुगेको भनिएको छ । पुग्न त स्थानीय तहहरुमा धेरै अधिकार पुगेको सत्य हो र यो पनि सत्य हो कि सिंहदरबारको फोहोर गाउँगाउँमा पनि पुगेको छ । अनियमितता र बेरुजुको समस्याले स्थानीय सरकारहरु ग्रस्त भइरहेका छन् ।

यही प्रणाली र संरचनाभित्र राजनीतिमा टिकिराख्न व्यक्तिहरुले गलत कार्यमा संलग्न हुन पर्ने परिस्थितिको सृजना भएको देखिन्छ । किनकि आजीवन गरिने राजनीतिमा एक दशक, दुई दशक वा तीन दशक टिकेरमात्र नहुने भयो र जीवनभर टिक्न जीवनभर आर्थिक संकलन गरिराख्न पर्ने भयो । यसले गर्दा राजनीतिक पार्टीहरु र त्यसको नेतृत्व कुनै न कुनै तरिकाबाट आर्थिक प्रभावमा पर्ने गरेको देखिन्छ । यसमा कर्मचारीतन्त्र पनि सहयोगीको भूमिकामा देखिँदै आएको छ । सरुवा बढुवामा देखिने चलखेलदेखि सुरक्षा निकायका अफिसरहरु र कर्मचारी संयन्त्रबाट अवकास प्राप्त विशिष्ट श्रेणीका व्यक्तिहरुको राजनीतिप्रतिको आकर्षणले पनि के मान्छे सेवाकै लागि मात्र राजनीतिमा प्रवेश गर्छ भन्ने प्रश्न स्वाभाविक रुपमा उब्जिएको छ ।

राज्यको शासकीय र प्रशासनिक संरचना निकै प्रक्रियामुखी हुने र कुनै विवादास्पद अथवा शङ्कास्पद विषयको अनुसन्धानमा वर्षौंवर्ष लाग्ने हुनाले निर्णयको अन्तिम रुप आउँदासम्म सम्बन्धित विषय गौण भइसक्ने तीतो सत्य पनि हामासामु छ भने अनुसन्धानमा निष्पक्षताको प्रश्न पनि त्यतिकै महत्वपूर्ण विषय छ । आजसम्मका ठूल्ठूला घोटालाहरुमा राजनीतिक नेतृत्व जोगिएको र कर्मचारी प्रशासनका सीमित व्यक्तिहरुमात्र कारबाहीको दायरामा आएको इतिहास पटकपटकको घटनाक्रमले पुष्टि गरेको छ ।

अहिलेको नक्कली भुटानी शरणार्थी प्रकरणमा पनि बिचौलियासहित नीति निर्माणको तहमा रहेका भीआईपी भनिनेहरु कोही पक्राउ परेका छन् त कोही फरार भएका छन् । कोही अनुसन्धानको क्रममा तानिनेवाला छन् । वर्तमान सरकारले लिएको यो कदमप्रति सकारात्मक नै मान्नुपर्दछ । तर, यसले राजनीति वृत्तमा तरङ्गित र आरोपप्रत्यारोपको वातावरण सृजना गर्न पुगेको छ । सबै आआफ्ना मान्छे जोगाउनलाई लागिपरेकै छन् ।

मुद्दाको अन्तसम्म पुग्दा केही जेल चलान होलान्, केहीले सफाइ पनि पाउलान्, कसैको राजनीतिक र सामाजिक जीवन नै समाप्त पनि होला । तर, के भ्रष्टाचार र कालो धन्दाको अन्त्य हुन्छ ? यो प्रवृत्तिको पुनरावृत्ति समाप्त हुन्छ ? सहजै भन्न सकिन्छ, हुँदैन । किनभने आजको राजनीतिक प्रणाली, राजनीतिक संस्कार, राज्य संयन्त्रका इकाइहरु, भौतिक सम्पत्तिप्रतिको अत्यधिक मोह र व्यक्तिगत सफलता र समृद्धिको गलत परिभाषाको कारण यही प्रक्रियाभित्र कुशासन र अनियमितताको समाप्ति असम्भव छ । यति हदसम्म भइसकेपछि प्रणालीले नै भ्रष्टाचारी जन्माएको छ भनेर भन्न किन नपाउने ? तसर्थ स्थायित्व, विकास, सुशासन र समृद्धिको लागि व्यवस्थामा, संरचनामा, प्रतिस्पर्धामा, जिम्मेवारीमा नयाँ र सार्थक बहसको जरुरी भएको छ ।

## साप्ताहिक राशीफल

**भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल**



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)
आँट गर्दा चिताएको काम सजिलै बन्नेछ, अध्ययनमा ध्यान केन्द्रित हुनेछ, रोकिएको काम बन्नेछन्, नयाँ कामको थालनी हुनेछ, व्यापार उद्योगमा फाइदा हुनेछ, व्यवसायको लागि यात्राको अवसर खुल्नेछ, विवादमा अघि सर्नाले आलोचित भइनेछ, प्रेमबन्धन कसिन सक्छ, अन्त्यमा स्वास्थ्य अलि कमजोर रहने देखिन्छ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)
अरुको आशमा काम गर्दा रोकिनेछ, काम गर्दा पूरा गर्न अलि कसरत गर्नुपर्ने देखिन्छ, साझेदारी लाभ हुनेछ, बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ, अध्ययनमा विशेष सफलता हुनेछ, नयाँ जिम्मेवारी हात लाग्न सक्छ, प्रतिस्पर्धी काममा आफ्नो पक्ष कमजोर रहनेछ, फजुल खर्च बढ्नेछ, अन्त्यमा रमाइलो यात्रा हुने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)
मेहनत गर्दा आँटेको काम पूरा हुनेछ, आर्थिक पक्ष सवल रहनेछ, कामबाट प्रतिष्ठा मिल्नेछ, शुक्रबारदेखि पारिवारिक असमझदारी बढ्ने, आफ्नो श्रम बाट अरुले फाइदा उठाउन सक्नेछन्, पार्टनरमा काम नगर्नु राम्रो देखिन्छ, आइतबारदेखि समय सुधार हुनेछ, मनमा उत्साह छाउनेछ, रोकिएका अधुरा काम पनि पूरा हुनेछन् ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)
जिम्मेवारी हात पर्नेछ, आफ्नो मेहनतबाट अरुले फाइदा लिन सक्नेछन्, कार्यशैलीमा प्रतिस्पर्धा हुनेछ, पुरुषार्थी कामले धन र मान समेत हात पर्नेछ, घरेलु कार्य सफल हुनेछन्, सत्रुले समेत मित्रताको हात अगाडि बढाउनेछन्, बुद्धिको उपयोगले ठूलो सफलता हुने देखिन्छ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)
सुरुमा रमाइलो देखे पनि काममा केही उत्तारचढाव हुने छन्, स्वास्थ्य कमजोर रहनेछ, समस्या समाधान हुन सहयोगीहरुले साथ दिनेछन्, कार्य सफल आंशिक रुपले हुनेछन्, अन्त्यमा अप्ठ्यारो परिस्थिति सुल्झन सक्छ, नयाँ कामको थालनी हुनेछ, आम्दानीको श्रोत पनि सवल हुँदै जानेछ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)
खर्च बढ्नेछ, चिताएको काम रोकिनेछ, स्वास्थ्यमा गडबढ देखिन्छ, अध्ययनमा समय दिन सकिने छैन, शुभ चिन्तकहरु टाढिन सक्छन् । आम्दानीको श्रोत कमजोर बन्नेछ, व्यावसायिक काममा सामान्य उपलब्धी हुनेछ, केही विवादास्पद कामको जिम्मेवारी बहन गर्नुपर्ला, अरुको भरमा काम गर्दा व्यर्थ खर्च बढ्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)
पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ, आम्दानीको श्रोतहरु खुल्नेछन तर सरसापटमा धन बाहिरिन सक्छ, आफूलाई मन परेको चिन खरिद गर्दा खर्च बढ्न सक्छ, शुक्रबारदेखि स्थितिमा सुधार आउनेछ, रमाइलो भेटघाट हुनेछ, खानपानमा आनन्द प्राप्त हुनेछ, अध्ययनमा पनि प्रगति हुनेछ, अन्त्यमा वाद विवाद बढ्नेछ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)
समाजमा स्थापित हुने समय छ, उपलब्धी हात पार्ने समय छ, नयाँ काम वा नोकरी प्राप्त हुनेछ, विशिष्ट मान्छेसँगको कामबाट तारिफ हासिल हुने समय छ । सामाजिक कार्यमा पदवी हासिल हुनेछ, मित्रता र प्रेम बन्धन कसिने छ, आम्दानी बढ्नेछ, दिगो काममा लगानी गर्नुपर्ने देखिन्छ, अर्थ अभाव भने रहनेछ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)
अरुको कामबाट सामान्य फाइदा हुनेछ, हिम्मत गर्नाले प्रतिष्ठित काममा सहभागि भइनेछ, नोकरी प्राप्त हुनेछ, आम्दानी बढ्नेछ, अधुरा काम पूरा हुनाले मनमा आनन्द मिल्नेछ, अन्त्यमा लाभांशको केही भाग खर्च गर्नुपर्ने छ र समाजसेवी काममा लोकप्रियता हाशिल हुने देखिन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)
स्वास्थ्य कमजोर हुनेछ, आँटेको काम धनको अभावले रोकिनेछ, शनिबारदेखि स्थितिमा सुधार हुनेछ, मंगलमय हुने कर्म सम्पाद हुनेछ, विवादास्पद काममा सफलता हुने देखिन्छ, नजिकका मित्रले धोका दिनेछन्, अन्त्यमा आम्दानीको श्रोत बढ्नेछ, यात्राको अवसर पनि जुट्ने देखिन्छ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)
रमाइलो यात्राको अवसर जुट्नेछ, प्रियजनसँग भेटघाट हुनेछ । सोचेको कामबाट धन लाभ हुनेछ, अप्ठ्यारो काममा बोझ थपिन सक्छ, चोटपटकको योग देखिएको छ, अन्त्यमा हर्ष उल्लाश बढ्नेछ, शुभचिन्तकको सहयोगले आँटेको काम बन्नेछ, मान सम्मान तथा दाम पनि कमाउन सकिने देखिन्छ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)
परिश्रमले अवसर हात पर्न सफल भइनेछ, प्रतिस्पर्धीहरु कमजोर हुनेछन्, प्रियजनसँग भेटघाट हुनेछ, खर्च बढ्नेछ, काम विग्रनाले आकस्मिक झमेला आइलाग्न सक्छ, स्वास्थ्य पनि कमजोर रहनेछ, अन्त्यमा सामाजिक कार्यले मनमा प्रशन्न दिलाउने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौँ) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौँ मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई नि:शुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५० /९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# समूह चरणमा टेष्ट राष्ट्रसँग खेल्ने, वार्मअप म्याच एशोसिएट टिमसँग

काठमाडौं । आगामी जुन-जुलाईमा जिम्बावेमा हुने आईसीसी क्रिकेट विश्वकप छनोटअघि नेपालले दुई वार्मअप म्याच खेल्नेछ ।

विश्वकप छनोटमा १० टोलीले प्रतिस्पर्धा गर्दैछन् । जहाँ छनोट प्रतियोगिताअघि हरेक टोलीले दुई/दुई वार्मअप म्याच खेल्ने अवसर पाउनेछ ।

आईसीसीले मंगलबार विश्वकप छनोटको समूह विभाजन र खेलतालिकासहित वार्मअप म्याचको पनि खेलतालिका सार्वजनिक गरेको छ । जसअनुसार नेपालले छनोटमा अर्को समूहमा रहेको यूएई र ओमानसँग वार्मअप म्याच खेल्नेछ ।

विश्वकप छनोट खेल्ने सबै एशोसिएट टिमले मुख्य प्रतियोगितामा टेष्ट राष्ट्रसँग दुई-दुई खेल खेल्न पाउनेछ । तर वार्मअप म्याचमा भने एशोसिएटमा नेपालले मात्र एशोसिएट टिमसँग मात्र खेल्ने तालिका छ ।

अन्य एशोसिएट टिमले टेष्ट राष्ट्रसँग वार्म अफ म्याच खेल्ने तालिका हुँदा नेपालले भने टेष्ट राष्ट्रसँग वार्म अफ म्याच खेल्न नपाउने भएको छ ।

मुख्य प्रतियोगितामा टेष्ट राष्ट्रसँग खेल्नुअघि वार्मअप म्याचमा पनि टेष्ट राष्ट्रसँग खेल्दा खेलाडीले एक्सपोजर पाउने र स्तर थाहा पाउने अवसर हुनेछ । तर यस पटक नेपालले भने त्यो अवसर नपाउने भएको छ ।

नेपाल र यूएईबीच जुन १३ मा ओल्ड हरारियन्स क्रिकेट क्लबमा खेल हुनेछ । यस्तै नेपालले ओमानसँग जुन १५ मा हरारे स्पोर्ट्स क्लबमा खेल्नेछ ।

नेपालले एसियाली लेभलमा खेलिसकेको र लिग टु मा पनि खेलिसकेको दुई टोलीसँग मात्र वार्मअप म्याच खेल्ने भएको छ ।




## टेस्ट राष्ट्रसँग नेपालले मात्र खेल्न नपाउने किन ?

आईसीसी विश्वकप छनोट तयारीका क्रममा सहभागी सबै देशले टेस्ट राष्ट्रसँग अभ्यास खेल्न पाउँदा नेपाललाई मात्र वञ्चित गराइएपछि नेपाल क्रिकेट संघ (क्यान) ले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) लाई पत्र लेखेको छ ।

क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले यसबारे आईसीसीलाई पत्राचार गरिएको बताएका छन् । उनले भने, 'हामीलाई देख्दाखेरि पनि नराम्रो लागेको छ, सबैलाई बराबर भएन, सबैले कम्तीमा एउटा टेस्ट राष्ट्रसँग खेल्न पाउँदा हामीले मात्र किन नपाउने ? हामीलाई पनि एउटा टेस्ट राष्ट्रसँग खेल्न दिनुपऱ्यो भन्ने हो। सकिन्छ भने पुनरवलोकन गर्नपऱ्यो भन्ने हो। यसबारेमा अहिलेसम केही जवाफ आएको छैन ।'

आईसीसीले विश्वकप छनोटअघि नेपालले यूएई र ओमानसँग अभ्यास खेल खेल्ने तालिका बनाएको छ । विश्वकप छनोटअघि टेस्ट राष्ट्रसँग अभ्यास खेल्न नपाउने देश नेपाल मात्र हो । आईसीसीले मंगलबार सार्वजनिक गरेको तालिकाअनुसार नेपालले जेठ ३० गते यूएईसँग र ३२ गते ओमानसँग अभ्यास खेल खेल्ने छ ।

नेपालले छनोटको पहिलो खेल घरेलु टोली जिम्बावेसँग असार १३ गते खेल्नेछ । असार ५ गते अमेरिकासँग र ७ गते वेस्टइन्डिजसँग खेल्ने तालिका छ । असार ९ गते नेदरल्यान्ड्ससँग खेल्ने तालिका छ ।

नेपालले गत वैशाखमा घरेलु मैदानमा भएको एसीसी प्रिमियर कपमा ओमान र यूएई दुवैलाई हराएको थियो । नेपालले फाइनलमा यूएईलाई हराएर प्रिमियर कप च्याम्पियन बन्दै एसिया कपमा स्थान बनाएको थियो ।

नेपाली टोली एक साता नेपालमा तयारीपछि अन्तिम चरणको प्रशिक्षण र तयारीका लागि दक्षिण अफ्रिका जानेछ । जहाँ नेपालले स्कटल्याण्ड र नेदरल्याण्ड्ससँग अभ्यास खेल खेल्ने क्यानले जनाएको छ । नेपाली टोली त्यतैबाट जुन १० मा जिम्बावे जानेछ ।

विश्वकप छनोटमा नेपाल आयोजक जिम्बावे रहेको समूह ए मा छ । यस समूहमा पूर्व विश्वकप विजेता वेष्ट इन्डिजसहित जिम्बावे, नेपाल, नेदरल्याण्ड्स र अमेरिकासँग खेल्नेछ ।

नेपालले पहिलो पटक वेष्ट इन्डिजसँग ओडीआई खेल खेल्नेछ । यस्तै जिम्बावेसँग पनि नेपालको पहिलो ओडीआई खेल हुनेछ । २०१८ मा पनि जिम्बावेमै भएको विश्वकप छनोटमा नेपालले जिम्बासवेसँग खेलेको थियो तर नेपालको ओडीआई मान्यता नभएकोले त्यो खेलले मान्यता पाएन ।

सन् २०१८ मा पहिलो पटक ओडीआई मान्यता पाएको नेपालले टेष्ट राष्ट्रसँग यही विश्वकप छनोटमा पहिलो पटक ओडीआई म्याच खेल्नेछ । समूह बी मा श्रीलंका, आयरल्याण्ड, स्कटल्याण्ड, ओमान र युएई छन् ।

यसपटक भने सबै खेल ओडीआई मान्यताको हुनेछ । विश्वकप छनोटमा चार टेष्ट र ६ एशोसिएट टिमले प्रतिस्पर्धा गर्नेछन् । जहाँबाट शीर्ष दुई टोलीले भारतमा हुने वान डे विश्वकपमा स्थान पक्का गर्नेछ ।

# आइपीएलको सन्यासको निर्णय गर्न मसँग ८-९ महिना छ : धोनी

महेन्द्र सिंह धोनीले ४१ वर्षमा पनि इन्डियन प्रिमियर लिग आईपीएल क्रिकेटमा चेन्नाई सुपर किंग्सको कप्तानी गरिरहेका छन् ।

उनकै कप्तानीमा चेन्नाईले मंगलबार साविक विजेता गुजरात टाइटन्सलाई पराजित गर्दै फाइनलमा स्थान बनाएको छ । चार पटकको च्याम्पियन चेन्नाई फाइनल पुगेको यो दशौं पटक हो ।

उमेर चार दशक काटिसक्दा पनि महेन्द्र सिंह धोनी आईपीएलबाट सन्यास लिन हतारोमा छैनन् । ४१ वर्षीय धोनीले यसबारे निर्णय लिन आफूसँग पर्याप्त समय भएको बताएका छ । अर्को सिजनको आईपीएलको लागि डिसेम्बरमा अक्सन हुने हुँदा आफूले त्यतिबेला नै निर्णय गरे हुने उनको भनाइ छ ।

'मसँग निर्णयका लागि ८-९ महिना समय छ । किन अहिले टाउको दुखाउनु ?' चेन्नाईलाई दशौं पटक फाइनल पुऱ्याएपछि धोनीले पोष्ट म्याच प्रिजेन्टेसनमा भने ।

चेन्नाई(१७२/७) ले घरेलु मैदान एमए चिदम्बरम स्टेडियममा भएको पहिलो क्वालिफायरमा गुजरातलाई (१५७/१०)




१५ रनले पराजित गरेको थियो ।

यस सिजनको आईपीएल सुरु भएदेखि नै २०२३ धोनीका लागि अन्तिम आईपीएल हुन सक्ने चर्चा चलिहरेको थियो । उनले अन्तर्राष्ट्रिय क्रिकेटबाट भने यसअघि नै सन्यास लिइसकेका छन् ।

'म सधैं चेन्नाई आउनेछु । म जनवरीदेखि घर बाहिर छु । मार्चदेखि प्राक्टिस गरिरहेको छु । त्यसैले हामी हेर्दैछौं', भारतीय राष्ट्रिय टिमका पूर्व कप्तान धोनीले भने ।

चार पटकको च्याम्पियन चेन्नाई गत सिजन नवौं भएको थियो । तर यस सिजन भने चेन्नाईले साविक विजेता गुजरातलाई नै हराएर फाइनल पुगिसकेको छ ।

'मेरो विचारमा आईपीएल धेरै ठूलो छ । यहाँ १० टिम छन् । र यो अझै कठिन बन्दै छ । दुई महिना भन्दा बढीको कडा मिहेनतको नतिजा हो । सबैले क्यारेक्टर देखाएका छन् । सबैले योगदान गरेका छन् । मिडल अर्डरले धेरै अवसर पाएका छैनन् । तर हामी जहाँ छौं त्यसमा हामी खुशी छौं ।'

धोनीले गुजरात पनि राम्रो टिम रहेको बताउदै जडेजाले राम्रो खेल्दा फाइदा भएको बताए । चेन्नाईका जडेजाले अलराउण्ड प्रदर्शन गर्दै महत्वपूर्ण २२ रन बनाएका थिए भने बलिङमा ४ ओभरमा १८ रन खर्चेर २ विकेट लिएका थिए ।


**सडक सबैको सम्पत्ति हो**
**सडक भौतिक पूर्वाधारको मेरुदण्ड हो।**
**त्यसैले**

- सडकको मापदण्ड विपरीत स्थायी संरचना, घर टहरा आदि निर्माण नगरौं,
- सडक किनारमा निर्माण सामाग्री नथुपारौं,
- सडक छेउको नालीमा फोहोरमैला नफालौं,
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं,
- सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं,

सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो, यस सम्बन्धी जानकारी उपलब्ध गराउन हामी सबैको कर्तव्य हो ।

**–डिभिजन प्रमुख**
**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन भक्तपुर**
**कटुञ्जे, भक्तपुर**


# जथाभावी स्वास्थ्य उपकरण खरिद गर्ने अस्पतालहरूलाई स्पष्टीकरण सोध्ने

काठमाडौं । सरकारले जथाभावी स्वास्थ्य उपकरण खरिद गर्ने अस्पतालहरुलाई स्पष्टीकरण सोध्ने भएको छ । शुक्रबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले यस्तो बताएका हुन् ।

उनले स्थान र जनशक्ति नभएर पनि उपकरण खरिद गरेका अस्पतालहरुलाई स्पष्टीकरण सोध्ने स्पष्ट पारे । उनले दुई वर्षसम्म पनि प्रयोग नभएका वा हुन नसकेका सामानहरु स्वास्थ्य सेवा विभागले फिर्ता लिइ आवश्यकता अनुसार अरु अस्पतालहरुमा मन्त्रालयको सहमतिमा हस्तान्तरण गर्ने पनि उल्लेख गरे ।

उनले कतिपय अस्पतालले जथाभावी रुपमा स्वास्थ्य उपकरण खरिद गरेको पाइएको भन्दै अब खरिद गर्दा न्युनतम सेवा मापदण्डले औंल्याएअनुसारका उपकरणहरु मन्त्रालयको समन्वयमा खरिद गर्ने व्यवस्था लागू गर्नेपनि बताए ।

उनले भने, 'स्थान नभएर वा जनशक्ति नभएर पनि उपकरण खरिद गरेका अस्पतालहरुलाई स्पष्टीकरण सोध्ने । अब खरिद गर्दा न्युनतम सेवा मापदण्डले औंल्याएका अनुसारका उपकरणहरु मन्त्रालयको समन्वयमा खरिद गर्ने । प्रत्येक अस्पताललाई आउँदा दुई वर्षको कार्ययोजना बनाएर पेस गर्न लगाउने । सो अनुसार आवश्यक पर्ने उपकरण मात्रै खरिद गर्ने । खरिद गरिसकेका सामानहरु बेवारिसे बनाएर नराख्ने । स्वास्थ्य सेवा विभागलाई खरिद एवं वितरण गर्न थप व्यवस्थित गर्न निर्देशन दिने । सबै संघीय अस्पतालको उपकरण जाँच गर्ने । भएका उपकरणहरु काम हुँदा हुँदै अन्य खरिद गरेको कुरा आएका छन् ।




# विचौलियाबाट...

वर्ष ठगीको उजुरी बढ्दो छ । वैशाख महिनामा मात्रै ठगीको १०४ वटा उजुरी परेको छ । ती उजुरी उपर ५० करोड ४४ लाख ६१ हजार २०० रकम दाबी गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ देखि अहिलेसम्म एजेन्ट र बिचौलियाबाट एक अर्ब २६ करोड २२ लाख दुई हजार चार सय १७ ठगी भएको तथ्यांक छ । चालु आर्थिक वर्षको दश महिनामा परेका ९२५ उजुरीमध्ये ७७ वटा मुद्दा अदालतमा दायर गरिएको र १७६ बिचौलियालाई पक्राउ गरेको छ । ठगीमा संलगन विचौलिया तथा एजेन्टहरु दबाब परेपछि रकम फिर्ता गर्छन् । मिलापत्रमार्फत् एजेन्टहरूले एक सय ३५ जनालाई ९ करोड ४३ लाख ५६ हजार एक सय फिर्ता गरेका छन् । गैरकानुनी एजेन्ट र बिचौलियामार्फत भएको ठगीको उजुरी उपर विभागले अनुसन्धान गर्ने, प्रमाण जुटाएर अदालतमा मुद्दा दायर र मिल्छु भन्नेहरूलाई मिलापत्र गराउने गरेको छ । तर, कतिपय विचौलिया र एजेन्ट ठगी गरे पीडितलाई मर्कामा पार्छन् । मिलापत्र गर्दा पनि पूरा रकम फिर्ता गर्दैनन् । स्वदेशमा रोजगारीको अवसर नपाई विदेशिन वाध्यहरुलाई उल्टै विचौलियाले समस्यामा पार्ने घटना निरुत्साहित हुनुपर्छ । वैदेशिक रोजगारीमा स्वच्छता कायम गर्नु सरकारको दायित्व हो । अन्यथा यो क्षेत्र बदनाम माथि बदनाम बन्दै जानसक्छ । ठगी धन्दामा परिणत हुनसक्छ वैदेशिक रोजगारी ।

# देशमा ...

उठाइसकेका छन् नेपाली काँग्रेसभित्र हिन्दूराष्ट्रको पक्षमा प्रभावशाली नेताहरु नै खुलेका छन् । काँग्रेसका पूर्वमहामन्त्री डा. सशांक कोइराला, केन्द्रीय सदस्य डा. शेखर कोइराला, शंकर भण्डारीलगायतका नेता पनि हिन्दूराष्ट्रका पक्षधर हुन् । काँग्रेस केन्द्रीय सदस्य एवं नेपालका परराष्ट्रमन्त्री एन पी साउद पनि हिन्दुराष्ट्रको मुद्दा उठाउने मध्येका हुन् । काँग्रेसभित्र ठूलो संख्यामा नेता कार्यकर्ता हिन्दूराष्ट्रको पक्षधर हुन् । यो मुद्दा अब मजबुत बन्दै गएको छ । राप्रपाको आफ्नै शक्ति छ हिन्दूराष्ट्रको पक्षमा छ । तर, यो मुद्दाका शक्ति संगठित हुन नसक्दा बाह्य शक्तिले नेपालको सनातन धर्ममाथि व्यापक चलखेल गरिरहेको छ । उनीहरु फुटाउने प्रपञ्चमा लागेका छन् ।

# नक्कली भुटानी ...

फोन गर्न लगाउने भनेका छन् । त्यसपछि वसन्त सा'बलाई सानु भण्डारीले भेट्ने भन्दै उनले सन्देश पठाएका छन् । १३ असारमा दुलालले सानु भण्डारीले हालका आईजीपी कुँवरलाई भेटेको बताएका छन् ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुख छँदा यो प्रकरणमा शक्तिशाली जोडिएपछि कुँवरले अनुसन्धानको फाइल नै घरमा लगेका थिए । फाइल फिर्ता लिन जाँदा एक जना एसपीसँग भनाभन भयो । भोलिपल्ट फाइल छुटेको भन्दै खबर आएपछि अपराध अनुसन्धान कार्यालयका एक इन्स्पेक्टर फाइल लिन कुँवरको घर पुगेका थिए ।

'आईजीपी सा'ब (त्यसबेला धिरजप्रताप सिंह आईजीपी थिए)ले वसन्त सा'बलाई सन्देश शर्मालाई पक्राउ नगरी इन्द्रजितलाई केही नगर्नु भन्नु भएको छ रे', दुलालले भनेका छन् ।

त्यसबेला अनुसन्धानका क्रममा पक्राउ पूर्जी जारी भएका विषयहरु पनि गिरोहका सदस्यसम्म पुग्ने गरेको म्यासेज विवरणबाट देखिन्छ । अदालतबाट पक्राउ पूर्जी जारी भएका आरोपीलाई छाडेका थिए कुँवरले ।

हाल प्रहरी महानिरीक्षक रहेका कुँवर प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) का रुपमा उपत्यका अपराध अनुसन्धान कार्यालय, बानेश्वरको प्रमुख छँदा १८ जेठ २०७९ मा यो प्रकरणबारे पहिलो पटक उजुरी परेको थियो ।

गृह मन्त्रालयका उच्च अधिकारीहरुसँग सम्पर्क रहेको व्यहोरासहित जाहेरी परेपछि प्रहरीले अनुसन्धानका लागि ललितपुरका सानु भण्डारी र पाँचथरका टंक गुरुङलाई नियन्त्रणमा लिएको थियो ।

त्यही दिन जिल्ला अदालत, काठमाडौंबाट पक्राउ पूर्जी लिएर पक्राउ गरिएका उनीहरुलाई तत्कालीन कार्यालय प्रमुख कुँवरले केही घन्टामै गृह मन्त्रालयको दबाबमा छाडेको खुलेको छ । उनीहरुलाई छाडेर कार्यालयको अभिलेखबाट समेत सबै विवरण मेटाएको भेटिएको छ ।

उनीहरु पक्राउ परेर नियन्त्रणमा रहे त्यसबाट गृह मन्त्रालयसम्मको कनेक्सस खुल्ने भएपछि कुँवरमार्फत उनीहरुलाई छाड्न दबाब दिइएको थियो ।

'त्यसबेला त उनीहरुलाई प्रहरीले छाड्यो छाड्यो, पछिसम्म पनि कुँवर सा'ब गिरोहका सदस्यसँग नियमित सम्पर्कमा रहेको तथ्य फेला परेको छ', अनुसन्धानमा संलग्न एक अधिकृत भन्छन्, 'कतिसम्म भने कुँवर सा'बले यो प्रकरणको फाइल नै केही समयसम्म लुकाएको समेत पाइएको छ ।'

स्रोतका अनुसार तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण र सचिव टेकनारायण पाण्डे समेत मुछिएपछि उनले यो प्रकरणको अनुसन्धान गरिरहेको पिलरबाट फाइल नै आफ्नो कार्यकक्षमा झिकाएका थिए । त्यसपछि लामो समयसम्म अनुसन्धान प्रतिवेदन घर्रामा थन्काएको अधिकृतहरु बताउँछन् ।

'त्यसपछि पनि उहाँले अनुसन्धानको सम्पूर्ण फाइल आफूसँगै लैजानु भएको थियो, यहाँबाट एक जना एसपी सा'ब घरमै पुगेर फाइल माग्नु परेको थियो', यसबारे जानकार उपत्यका अपराध अनुसन्धान कार्यालयका एक अधिकृत भन्छन्, 'कार्यालयका एसपी सा'बसँग त्यसबेला चर्काचर्की नै भएको थियो । भनाभन भएपछि भोलिपल्ट फाइल छुटेको भन्दै उनले लिन पठाइदिनू भन्ने खबर पठाएका थिए ।'

त्यसपछि कार्यालयका एक जना प्रहरी निरीक्षक कुँवरको घर पुगेर प्रकरणको अनुसन्धान प्रतिवेदन फर्काएका थिए ।

एसएसपीका रुपमा १३ औं नम्बर वरियतामा रहेका कुँवर उपत्यका अपराध अनुसन्धान कार्यालयमै रहँदा १ नम्बरमा उक्लिएका थिए । त्यसबेला वरियतामा उनी स्वात्तै अगाडि आउनु पछाडि हाल पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाँणको हात रहेको अधिकृतहरु बताउँछन् । यसकै गुन तिर्न उनले महत्वपूर्ण सूचनाहरु उनीसम्म चुहाएको गृह मन्त्रालय स्रोतको पनि दाबी छ ।

पछि कुँवर एक नम्बर एआईजी हुँदै १० चैत २०७९ मा महानिरीक्षक नियुक्त भए । उनलाई आईजीपी बनाउन कांग्रेस नेताहरुले त्यसबेला धुम्बाराहीस्थित देउवा निवासमा धर्ना नै दिएका थिए ।

उपत्यका अपराध अनुसन्धान कार्यालयमा कुँवरपछि जनक भट्टराई कार्यालय प्रमुख हुँदा यो प्रकरणको अनुसन्धानमा चासो देखाएका थिएनन् । भट्टराईपछि एसएसपी डा. मनोज केसी कार्यालयको नेतृत्वमा आए । त्यसपछि फेरि यो प्रकरणको अनुसन्धान अघि बढेको थियो ।

तत्कालीन आईजीपी सिंह बाहिरिएर कुँवरले पदवहाली गरिनसकेको अवस्थामा केसी नेतृत्वको उपत्यका अपराध अनुसन्धान कार्यालयले मोरङका केशव दुलाल, टंक गुरुङ र सानु भण्डारीलाई समातेको थियो ।

उनीहरुलाई पक्राउ गरेपछि सुरुवाती बयानमै पूर्वगृहमन्त्री बालकृष्ण खाँण, सचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल'का सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई लगायतका नाम लिएका थिए । त्यसबारे छनक पाएपछि खाँणले आईजीपी कुँवरसहित जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्की लगायतसँग पटकपटक छलफल गरेको स्रोतको दाबी छ । उपत्यका अपराध अनुसन्धान कार्यालयको नेतृत्वमा एसएसपी डा. मनोज केसी आएपछि यो प्रकरणको अनुसन्धानले गति लिएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राईको समेत नाम आएपछि एमाले वृत्तबाट पनि बयान सच्याउन दबाब आएको थियो । त्यतिबेला ठगीमा मात्र मुद्दा चलाएर घटना सामसुम पार्न खोजिएको थियो ।

तर, चार जनालाई मात्र प्रतिवादी बनाएर ठगीमा मुद्दा अघि बढाउन लागेका बेला उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख डा. मनोज केसीले थप १० जनाले किटानी जाहेरी दिएको भन्दै प्रेस विज्ञप्ति जारी गराए ।

सामान्यतया: प्रहरीले जाहेरी दर्ता भएको जानकारी विज्ञप्ति जारी गरेर दिँदैनथ्यो । तर, अधिकृतहरुका अनुसार डा. केसीले जिल्ला प्रहरी परिसर, काठमाडौंमार्फत सरकारी वकिलसमक्ष अनुसन्धान प्रतिवेदन पेश हुन लागेका बेला थप जाहेरीको विवरण सार्वजनिक गराएर संगठित ठगीमा मुद्दा चल्ने गरी वातावरण तयार पारेका थिए ।

त्यतिबेलासम्ममा केसीको टोलीले चार जना आरोपीले दोष थुपारेका दाङका सन्देश शर्मालाई समेत नियन्त्रणमा लिइसकेको थियो । कांग्रेस नेतृ सुजाता कोइरालाका परराष्ट्रमन्त्री हुँदा उनका निजी सहायक रहेका केशव दुलालले उनलाई भारततिर भाग्न भनेका थिए । तर, प्रहरीले परिवारका एक जना सदस्यलाई नियन्त्रणमा लिएर शर्मालाई नेपाल आउन बाध्य पार्ने वातावरण सिर्जना गराएको थियो ।

'केस मिलाउलान् भनेको मलाई भगाएर दोष जति सबै थुपारिदिएछन्', शर्माले एक जना पीडितसँगको संवादमा पनि भनेका छन् । उनलाई ल्याएपछि प्रकरणमा थप रहस्यहरु खुलेका हुन् । त्यसबेलासम्म पनि अनुसन्धानका सम्पूर्ण विवरण पूर्वगृहमन्त्री खाँण र उनका स्वकीय सचिव नरेन्द्र केसीसम्म पुग्ने गरेको पाइएको अधिकृतहरु बताउँछन् ।

प्रहरी स्रोतका अनुसार अनुसन्धान संगठित अपराध मोडिएपछि खाँणको नाम जोगाउनलाई आईजीपी कुँवरले भूमिका खेलेका थिए । 'खाँणलाई जोगाउन पूर्वसभासद् आङटावा शेर्पा परिचालित भएका थिए, उनीमार्फत् सानु भण्डारी र केशव दुलाललाई भेटेर रकम फिर्ता गर्ने सहमति भएको थियो', स्रोत भन्छ, 'तर, सानुले विश्वास गरेनन् ।' स्रोतका अनुसार सानुका दाइलाई रकम फिर्ता गर्ने भन्दै भेट्न बोलाइएको थियो ।

'सुरुमा खाँणका सहयोगी नरेन्द्र केसीले चुच्चेपाटीको बेकरी क्याफेमा बोलाएका थिए, पछि घरमै आउनु भनेका थिए', सानु भण्डारीका दाइले प्रहरी अधिकृतहरुसँग भनेका छन्, 'पछि घरमा जे पनि गर्नसक्छन्, नजानु भन्ने दाइले भन्नुभएपछि म गइनँ ।' त्यसपछि सानुले पनि बयान परिवर्तन गर्न मानेका थिएनन् ।

अनुसन्धानका क्रममा खाँण शंकास्पद सूचीमा परिसकेका थिए । उनीमाथि प्रहरीले निगरानी र छानबिन गरिरहेको थियो । 'तर मुद्दासँग जोडिएको एउटा पक्षसँग आईजीपी सा'ब नै निरन्तर सम्पर्क र संवादमा रहने काम भयो, आरोपीलाई सहयोग पुग्ने गरी सूचना चुहाउने काम भयो', एक प्रहरी अधिकृत भन्छन्, 'सूचना चुहाएकै कारण पहिले टोपबहादुर रायमाझी पनि भागेका थिए ।'

पूर्वउर्जामन्त्री टोपबहादुर रायमाझीविरुद्ध प्रहरीले २० वैशाखमा पक्राउ पूर्जी जारी गरेको थियो । उनलाई पक्राउ गर्न प्रहरीले निगरानी बढाइसकेको थियो । तर, कुँवरसँग रायमाझीको सम्पर्क भएपछि उनी फरार भएका थिए । 'सुरुमा आफैं आउने भन्दै उहाँले छाड्दिन भन्नुभएको थियो, पछि आउँदै आएनन्', एक अधिकृत भन्छन् ।

यो विषयमा गृह मन्त्रालयले कुँवरसँग पनि मौखिक स्पष्टीकरण सोधेको स्रोतको दाबी छ । त्यसपछि दबाबमा आएका कुँवरले रायमाझीको खोजीमा आफ्नै मातहत रहने विशेष ब्यूरोका अधिकृतहरुलाई परिचालित गरेका थिए । त्यही विषयलाई लिएर मन्त्रालयबाट गम्भीर प्रश्न उठेपछि उनले रायमाझीलाई ल्याउन विशेष टोली नै बनाएर खटाएका थिए ।

३१ चैतको राति बूढानिलकण्ठ क्षेत्रबाट रहस्यमय तरिकाले रायमाझी पक्राउ पर्दा उनी आफैं त्यहाँ पुगेको स्रोतको दाबी छ । रायमाझी पक्राउ परेपछि एउटा आरोपबाट मुक्ति पाएका कुँवर अनुसन्धानका क्रममा उनीसँग जोडिएका थप विवरणहरु फेला परेपछि फेरि समस्यामा परेका छन् ।

आइजीपी कुँवर स्वयम् चाहिँ आफूविरुद्ध प्रतिसोध साँध्न खोजिएको बताउँछन् । आफूले समातेका व्यक्ति कोही नछुटेको बरु २५/२६ दिनको दौरानमा जाहेरी दर्ता भएको उनले दाबी गरे ।

'पक्राउ पूर्जी जारी भएको पनि होइन, समातेको छुटेको पनि छैन', मंगलबार राति कुँवरले भने, 'जाहेरी दर्ता भएपछि बढुवा भएर म हिँडेको थिएँ ।' उनले आफूलाई कसरी लाञ्छना लगाउन सकिन्छ भन्ने हिसाबले प्रायोजित विषयहरु बाहिर ल्याइएको पनि दाबी गरे ।

प्रकरणका कोही आरोपीसँग भेट पनि नगरेको बताउँदै उनले गृहसचिवले कोहीसँग आफ्नो कुरा गर्नुलाई अन्यथा लिन नसकिने समेत बताए । 'म अपराध महाशाखामा भएकाले मेरो नाम उच्चारण गर्नु स्वभाविक होला', उनले थपे, 'त्यसबाहेक अरु किसिमका कुराहरु केही छैनन् ।'

आर्थिक सहयोग हुन्छ भन्दिउँ भन्दै दुलालले म्यासेज पठाएको सन्दर्भमा चाहिँ उनले भने, 'पैसा खाने मान्छे हो कि होइन तपाईंले बुझ्नु भएको होला' ! अहिले मुद्दा चलाएको छु, सबै गरेको छु । क्रेडिट अरुले लिन खोजिरहेका छन् । यो संगठनभित्र विद्रोहको प्रष्ट संकेत हो ।' अनलाइनखबरबाट

# देउवाले किन ...

'भ्रातृ संगठनहरुलाई पूर्णता दिने, विभागहरु गठन गर्ने गृहकार्य सुरु भएको छ,' पदाधिकारी बैठकपछि प्रवक्ता समेत रहेका अर्थमन्त्री डा. प्रकाशशरण महतले भनेका थिए, 'गृहकार्य पूरा गरेर केन्द्रीय कार्यसमिति बैठक चाँडै बोलाउँछौं । २८-२९ गते बैठक राखेर अपूर्ण संरचनाहरुलाई पूर्णता दिने तयारी छ ।'

गत भदौदेखि कांग्रेसले केन्द्रीय कार्यसमिति बैठक राखेको छैन । यसबीचमा मंसिर ४ मा प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचन, सरकारमा सहभागिता, वैशाख १० मा उपनिर्वाचनलगायत विभिन्न राजनीतिक घटना पनि भए । तर, सभापति देउवाले यी कुनै विषय पनि केन्द्रीय कार्यसमितिमा छलफल गराएनन् ।

गत मंसिर ४ मा चुनाव सम्पन्न भएपछि केन्द्रीय कार्यसमिति बैठक राखेर चुनावी समीक्षा गर्ने भनिएको थियो । त्यसबेला उनले तीन पटकसम्म केन्द्रीय कार्यसमिति बैठक स्थगित गरेका थिए । त्यो बेला अनिश्चितकालका लागि स्थगित गरिएको बैठक अहिलेसम्म बस्न नसकी अनिश्चित नै भएको छ ।

नेपाली कांग्रेसको विधान, २०१७ ( संशोधन सहित) को धारा २१ उपधारा १२ मा 'केन्द्रीय कार्यसमितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्ने' उल्लेख छ । तर, पछिल्लो ९ महिनायता कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक बस्न सकेको छैन । पछिल्लो पटक कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक २०७९ भदौ ५ मा बसेको थियो ।

उक्त आकस्मिक बैठकले नेता प्रदीप गिरीको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको थियो। त्यसअघि २०७९ असार २७ देखि साउन २ सम्म कांग्रेस केन्द्रीय कार्यसमिति बैठक बसेको थियो ।

सभापति देउवाले खाँण पक्राउपश्चात् बैठक नबोलाएपछि महामन्त्री गगन थापाले जेठ २ गते विज्ञप्ति जारी गरेर भ्रष्टाचारविरुद्धको अभियान र नक्कली भुटानी शरणार्थी प्रकरणबारे धारणा सार्वजनिक गरेका थिए ।

उनले आफूले सार्वजनिक गरेको धारणालाई पार्टीकै दृष्टिकोणका रूपमा लिनसमेत आह्वान गरेका थिए । 'नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेस र यस पार्टीसँग आबद्ध कुनै पनि सदस्यले छानबिन प्रक्रियालाई सघाउने हो, आरोपित व्यक्ति निर्दोष भए छुट पाउँछ, अपराध गरेको भए कानुन बमोजिमको सजाय पाउनै पर्छ,' उनले भनेका थिए, 'जबसम्म अनुसन्धान हुन्छ, निलम्बन हुने कुरा स्वाभाविक हो र पार्टीका साथीहरूले त्यही अनुसार बुझ्नुपर्छ । परम्पराका नाममा यसलाई अपव्याख्या गर्ने, सामान्यीकरण गर्ने, र पार्टीको कुनै पनि तह, पद वा सांगठनिक संरचनालाई दुरुपयोग गरेर पक्षधरता लिने काम तत्काल रोकिनु पर्छ ।'

पछिल्लो समय वैशाख २८ गते धुम्बाराहीमा बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकको छलफल खाँणबारे तत्काल कुनै निर्णय नलिने गरी टुंगिएको थियो । बैठकपछि सहमहामन्त्री जीवन परियारले खाँणबारे तत्काल कुनै निर्णय नलिइएको बताएका थिए ।

'आज पनि हामीबीच नेता बालकृष्ण खाँणबारे कुनै छलफल भएन । हामीले कुनै किसिमको औपचारिक निष्कर्ष निकालेका छैनौं,' उनले पत्रकारहरुलाई भनेका थिए, 'हामी कुनै व्यक्तिबारे प्रस्तुत हुनुभन्दा अनुसन्धानमा जोसुकै आउन सक्छन्, उनीहरुले सघाउनु पर्छ भन्ने हो । कोही नेता, मन्त्री वा मिडियाकै मान्छे पनि आउन सक्छ । जो आए पनि अनुसन्धानलाई सघाउनुपर्छ भन्ने हाम्रो छलफलको निष्कर्ष हो ।'

वैशाख २७ गते बसेको पदाधिकारी बैठकपछि प्रवक्ता महतले खाँणलाई कारबाही गर्ने या नगर्ने भन्ने विषयमा अनुसन्धानलाई थप परिपक्व हुन दिने बताएका थिए ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा वैशाख २७ गते बिहान पूर्वगृहमन्त्री खाँण पक्राउ परेका थिए । उनलाई प्रहरीले चाबहिलको मैजुबहालस्थित निवासबाट पक्राउ गरेको हो ।

तत्कालीन गृहसचिव पाण्डेले पूर्वगृहमन्त्री खाँणकै निर्देशनमा आफूले काम गरेको बयान दिएपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो । उपराष्ट्रपति कार्यालयमा कार्यरत रहेका सचिव पाण्डेलाई प्रहरीले वैशाख २० गते काठमाडौंकै पेप्सीकोलाबाट पक्राउ गरेको थियो ।

खाँण गृहमन्त्री र पाण्डे गृहसचिव हुँदा कार्यदलको प्रतिवेदन नै हेरफेर गरिएको बताइएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा खाँणसहित १६ जना पक्राउ परिसकेका छन् । पक्राउ पुर्जी जारी भएका प्रतीक थापा र निरज राई फरार छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणले कांग्रेसभित्र ध्रुवीकरण बढेको छ । पूर्वगृहमन्त्री खाँण नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएपछि कांग्रेस दुई धारमा विभाजित देखिएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेपछि खाँणलाई पार्टीले केन्द्रीय सदस्यबाट निलम्बन गर्नुपर्ने र गर्न नहुने पक्षमा कांग्रेस नेताहरु विभाजित देखिएका छन् ।

खाँणलाई पदबाट निलम्बन गरेर अनुसन्धानमा सहयोग गर्नुपर्ने अधिकांश कार्यकर्ताको चाहना भए पनि नेतृत्वमा रहेका र नेतृत्वमा रहिसकेका बहुसंख्यक नेताहरु भने अनुसन्धान परिपक्व हुँदासम्म निलम्बनका लागि हतार गर्न नहुने पक्षमा उभिएका छन् ।

पदाधिकारी र पूर्वपदाधिकारी बैठकहरुमा सहभागी हुँदै आएका नेताहरुमध्ये उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा केन्द्रीय सदस्यबाट खाँणलाई निलम्बन गर्नुपर्ने पक्षमा जोडबल गर्दै आएका छन् ।

खाँण पक्राउ परिसकेपछि सभापति देउवाको निवासमा बसेका पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा सहभागी भएका अन्य नेताहरु भने खाँणलाई निलम्बन गर्न नहुने अडानमा देखिएका थिए ।

तत्काल निलम्बन गर्न नहुने पक्षमा रहेकाहरुको तर्क छ-भ्रष्टाचारको आरोप मात्रै लागेकालाई निलम्बन गर्ने परम्परा कांग्रेसमा छैन । यसकारण केन्द्रीय सदस्य खाँणलाई अदालतको अन्तिम फैसला नआउँदासम्म निलम्बन गरिनुहुन्न ।

संस्थापन इतरका नेताहरूको जोड भने शरणार्थी प्रकरणमा जोडिएका कोही पनि उम्किन नहुने पक्षमा देखिन्छन् । शरणार्थी प्रकरण र भ्रष्टाचार मुद्दालाई लिएर महामन्त्री थापा देशव्यापी अभियानमा सुरु गर्न खोजेका छन् ।

उता केन्द्रीय सदस्यहरु मधु आचार्य, डा. गोविन्द पोखरेल, गुरुराज घिमिरेलगायतका तेस्रो पुस्ताका नेताहरुले पार्टी रूपान्तरणका लागि भन्दै अर्को अभियानको घोषणा गरिसकेका छन् । उनीहरुले जेठ १६ गते काठमाडौंमा प्रदेशस्तरीय भेलाको तयारी गरेका छन् ।

# आईजीपीलाई ...

नहुँदै सार्वजनिक भएको विषयमा उनले आईजीपीलाई प्रश्न गरेको स्रोतले बतायो । यस्तो कार्य गलत भएको भन्दै श्रेष्ठले सचेत गराएका थिए ।

गृहमन्त्रीसँग भेटेपछि आईजीपी कुँवरले उपत्यका प्रहरी कार्यालयका प्रमुख श्याम ज्ञवाली, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख मनोज केसीसहितका अधिकारीहरुसँग छलफल गरेका छन् । उनले पनि अनुसन्धानका कागजातहरु बाहिरिएको विषयमा असन्तुष्टि जनाएका थिए ।

आईजीपी कुँवरले नक्कली शरणार्थी प्रकरणका आरोपीहरुसँग भेटेको, पक्राउ परेकाहरुलाई यत्तिकै छोडेको, अनुसन्धानको फाइल घरमा लगेको जस्ता अपुष्ट कुराहरु सञ्चारमाध्यममा आइरहेका छन् । आईजीपी कुँवर भने आफूविरुद्ध सुनियोजित षडयन्त्र भइरहेको बताउँछन् ।

# कीर्तेमा ...

प्रहरी अनुसन्धानका क्रममा २०७६ सालमा तत्कालिन सहसचिव बालकृष्ण पन्थी संयोजकत्वको कार्यदलले भुटानी शरणार्थी समस्या समाधानका लागि बुझाएको प्रतिवेदनमा पछि नेपालीको नाम समावेश गरेको पाइएको थियो । त्यही प्रतिवेदन गृह मन्त्रालयले गोप्य भन्दै राखेको थियो ।

यो प्रकरणमा तत्कालिन गृहमन्त्री बालकृष्ण खाण, तत्कालिन गृहसचिव टेक नारायण पान्डे, सांसद तथा पूर्व मन्त्री टोपबहादुर रायमाझीसहित १६ जना पक्राउ परेका छन् ।

प्रहरी प्रतिवेदनमा अन्य १४ जनालाई पनि प्रतिवादी बनाएर अभियोग पत्र दायर गर्न राय दिइएको छ । अन्य केहीको नाम मात्र उल्लेख गरेर प्रहरीले भविस्यमा उनिहरुलाई पक्राउ गरी अर्को पुरक अभियोग पत्र दायर गर्ने बाटो खुल्ला राखेको छ । काठमाडौं प्रहरी परिसर प्रमुख दानबहादुर कार्की मुल मुद्दा प्रभावित हुन सक्ने भएकाले सरकारी कीर्तेको राय नदिएको बताउँछन् ।

उनले कानुनी परामर्श गरेरै उक्त निर्णय लिइएको बताए । तर कानुन विज्ञहरु एउटै घटनामा एकै जनाविरुद्ध संलग्नताका आधारमा एकभन्दा बढी पनि मुद्धाहरु लाग्न सक्ने बताउँछन्।

यसको मतलब एउटा अभियोग लगाउँदा अर्को अभियोग कमजोर हुन्छ भन्ने हुँदैन । अभियोगको अलग अलग सुनुवाई हुन्छ । अनि लगाइएका सबै कसुरहरु ठहर हुन्छन् भन्ने पनि हुँदैनन् । यो प्रकरणमा सरकारी कीर्तेको हकमा पनि जो जो संलग्नहरु हुन् उनिहरुविरुद्ध मात्र लाग्ने हुन्छ ।

त्यसो त एउटै मुद्दामा विभिन्न कसुर प्रमाणित भएमा सजाय निर्धारण अलग अलग भएपनि सबै कसुरको सजाय भोग्नु पर्दैन। फौजदारी कसुर ९सजाय निर्धारण तथा कार्यान्वयन (ऐन, २०७४ को दफा ३६ ( ३)मा भनिएको छ, 'एउटै मुद्धामा एउटै व्यक्तीलाई प्रचलित कानुन बमोजिम विभिन्न कसुरबापत विभिन्न कैदको सजाय भएकोमा त्यस्तो सजायमध्ये सबैभन्दा बढी कसुरको कैदको सजाय मात्र कार्यान्वयन गर्नुपर्नेछ ।'

तर बलिया प्रमाण भएका कसुर नलगाउँदा अभियुक्तले सफाई पाउन सक्ने जोखिम पनि हुने अधिकारीहरु बताउँछन्। 'यो प्रकरण ठगीबाट सुरु भएपनि पैसा लिएको दिएको देखिने बलिया प्रमाणहरु छैनन् । ठगी भन्ने कुरा हचुवाका भरमा अदालतले प्रमाणित गर्दैन । त्यसमा पनि यसमा मन्त्री, सचिवजस्ता व्यक्तिहरु मुछिएका छन्। उनिहरुको संलग्नता बलियो देखिने कसुर भनेको कीर्ते हो', नेपाल प्रहरीकै एक उच्च अधिकृत भन्छन् । प्रहरीको अनुसन्धान प्रतिवेदन अध्ययन गरेर सरकारी वकिल कार्यालयले अभियोग पत्र तयार गर्दै छ ।

# नाम...

पैसा, डिजेलमा १ रुपैयाँ ७९ पैसा लिने गर्छ । यो बाहेक ढुवानीमा प्रतिलिटर पेट्रोलको ६ रुपैयाँ २८ पैसा र तेल बिक्रेता कम्पनीलाई मुनाफा बराबर प्रतिलिटर ६ रुपैयाँ ८ पैसा तिर्नु पर्छ ।

विभिन्न शिर्षकमा नेपाल आयल निगमलाई नागरिकले प्रतिलिटर पेट्रोलमा अतिक्ति ९२ रुपैयाँ ४८ पैसा र डिजेलमा ७२ रुपैयाँ ३२ पैसा तिरी रहनु परेको छ । यसरी नागरीकले नेपाल आयल निगमलाई कर तिर्दा पनि आयल निगम भने जहिले घाटामा पुग्ने गरेको छ । हामीले आयल निगमलाई सरकार र आयल निगमले गरेर नागरीकबाट हाल किनको मुल्य भन्दा बढी कर लिएको पाईएको छ ।

आयल निगमले बिक्री गर्ने पेट्रोलियम पद्धार्थमा कर त उठाइएको छ तर त्यसको प्रयोग कहाँ कसरी भइरहेको छ ? सरकारले विगतमा कर उठाउँदा जनता लोडसेडिङको मारमा थिए । कुलमान घिसिङ्ले प्रति लिटर पेट्रोलियम पद्धार्थमा ५ रुपैयाँ उठाएर जलविद्युत आयोजना बन्ने विषय चर्चामा ल्याए । सरकारले अतिरिक्त कर लिँदा लोडसेडिङको मारमा परेका जनता तयार भए । कर बढाएर १० रुपैयाँ प्रतिलिटर पुऱ्याउँदा पनि लोडसेडिङ हट्छ भने तिर्न के भो भन्ने सोच जाग्यो । जनताको यही सदाशयतालाई कमजोरी ठाने जिम्मेवार नेता र कर्मचारीले । तर, जे प्रायोजनले पैसा उठाइयो त्यो काम अझै अघि बढ्न सकेको छैन । जनतालाई ढाडै झुक्याइएको छ । जनता झुक्याएर खरबौं संकलन गर्ने अनि त्यो रकमको व्यापक दुरुपयोग गर्ने गतिविधि भएको छ ।

सडक सबैको सम्पत्ति हो
सडक भौतिक पूर्वाधारको मेरूदण्ड हो।
त्यसैले

- सडकको मापदण्ड विपरीत स्थायी संरचना, घर टहरा आदि निर्माण नगरौं,
- सडक किनारमा निर्माण सामाग्री नथुपारौं,
- सडक छेउको नालीमा फोहोरमैला नफालौं,
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं,
- सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं,

सडक अतिक्रमण रोक्न हरेक नागरिकको दायित्व हो, यस सम्बन्धी जानकारी उपलब्ध गराउन हामी सबैको कर्तव्य हो ।

-डिभिजन प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन ललितपुर
हरिहरभवन, ललितपुर

कर भुक्तानी सम्बन्धमा सूचना

हामीले कमाएको आयमा आयकर, लिएको सेवामा मूल्य अभिवृद्धि कर, संकलन गरी संकलित कर सरकारी कोषमा दाखिला गरी जिम्मेवार नागरिकको भूमिका निर्वाह गरौं।

यसरी समयमा कर नतिरी बसेमा, तिर्नुपर्ने कर बाँकी बक्यौता समयमा भुक्तान नगरेमा जुनसुकै समयमा कानुन अनुसारको कारबाही हुने व्यहोरा सबैमा जानकारी गराउँछौं।

कर अनिवार्य भुक्तानी हो यो नै राज्यको समृद्धिको आधार हो, अतः समयमै कर एवम् बाँकी बक्यौताहरु भुक्तान गर्न हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग
ठूला करदाता कार्यालय
हरिहरभवन, ललितपुर

सडक सबैको सम्पत्ति हो
सडक भौतिक पूर्वाधारको मेरूदण्ड हो।
त्यसैले

- सडकको मापदण्ड विपरीत स्थायी संरचना, घर टहरा आदि निर्माण नगरौं,
- सडक किनारमा निर्माण सामाग्री नथुपारौं,
- सडक छेउको नालीमा फोहोरमैला नफालौं,
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं,
- सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं,

सडक अतिक्रमण रोक्न हरेक नागरिकको दायित्व हो, यस सम्बन्धी जानकारी उपलब्ध गराउन हामी सबैको कर्तव्य हो ।

-डिभिजन प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन नुवाकोट
विदुर, नुवाकोट